सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ मंसिर २०८०, शनिबार (9 Dec 2023, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ रोकिएन त्रिभुवन विमानस्थलबाट सुन तस्करी

पाँच महिना नबित्दै फेरि १४ किलो सुन बरामद

विमानस्थल भन्सारमा दुबईबाट १० किलो तस्करीको सुन आउँदै गरेको पूर्वसूचना थियो, आयो १४ किलो, दुई भरिया पक्राउ परे भने सुन कसको हो भन्ने खुल्न बाँकी

तस्करीबारे छानबिन गर्न ६ सदस्यीय समिति

१४ किलो सुन तस्करी घटनाबारे छानबिन गर्न भन्सार कार्यालयले प्रमुख भन्सार अधिकृत (उपसचिव) मणिराम पौडेलको संयोजकत्वमा गठन गरेको समितिमा प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदी, भन्सार अधिकृतहरू प्रकाश निरौला, डिल्लुप्रसाद शर्मा र लोकराज डुंगाना तथा शाखा अधिकृत मञ्जु थापा सदस्य छन् ।

डा. टोकराज पाण्डे, कार्यालय प्रमुख, त्रिभुवन विमानस्थल भन्सार कार्यालय



१४ किलो सुन बरामद भएपछि छानबिनका लागि कार्यालयका उपसचिवको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरिएको छ । समितिले घटनासँग सम्बन्धित समग्र पक्षको छानबिन र अनुसन्धान गर्नेछ । समितिले प्रतिवेदन दिएपछि नै धेरै कुरा खुल्ला ।

सुवास भट्ट/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने सुन तस्करी अझै रोकिएको छैन । करिब ६१ किलो तस्करीको सुन बरामद भएको पाँच महिना नपुग्दै विमानस्थलबाट बिहीबार फेरि १४ किलो सुनसहित एकजना पक्राउ परेका छन् ।

रात ११:४० मा फ्लाई दुबईको उडान नम्बर एफ जेट ५७३ बाट काठमाडौं उत्रिएका गोरखाका चन्द्र घलेलाई विमानस्थलस्थित भन्सार कार्यालयले सुनसहित पक्राउ गरेको हो । उनीबाट दुई-दुई किलोका सातवटा बिस्कुट आकारमा १४ किलो सुन बरामद गरेको छ । भन्सार विभागको प्रयोगशालामा गरिएको परीक्षणमा बरामद सुन २४ क्यारेटको रहेको पुष्टि भएको छ ।

> शुक्रबार बिहान नागढुंगा नाकाबाट दुई किलो सुनसहित रसुवाका तीन पक्राउ

पूर्वसूचनाका आधारमा विमानस्थल भन्सार कार्यालयका

» पृष्ठ २ मा क्रमशः



बिहीबार राति ११:४० मा फ्लाई दुबईको उडान नम्बर एफ जेट ५७३ बाट काठमाडौं उत्रिएका गोरखाका चन्द्र घलेबाट बरामद १४ केजी तस्करीको सुन । तस्बिर : **रत्न श्रेष्ठ**/रासस

■ सुन तस्करीको 'रेट'

विमानस्थलसम्म ल्याउनेलाई ६० हजार, बाहिर व्यवस्थापन गर्नेलाई एक लाख ४० हजार

चन्द्र घले र मीनबहादुर घलेलाई पक्राउ गरेसँगै तस्करीका सम्बन्धमा उनीहरूसँग सोधपुछ चलिरहेको छ । स्रोतका अनुसार सुन बोकेर आउने चन्द्रको भूमिका खालि भरियाको जस्तो मात्र देखिन्छ । उनी विमानस्थलसम्म सुन ल्याउने मात्रै हुन् । त्यस्तै, प्रारम्भिक अनुसन्धानमा मीनबहादुरको भूमिका नेपाली बजारमा सुनको व्यवस्थापन गर्ने देखिएको छ । अर्थात् दुवै मुख्य तस्कर होइनन्, भाडामा काम गर्ने मात्र हुन् । 'प्रारम्भिक रूपमा बुझ्दा चन्द्रले दुबईबाट सुन ल्याउने र मीनबहादुर नेपालमा त्यसको आवश्यक व्यवस्थापन गर्नेमा संलग्न भएको देखिन्छ,' स्रोत भन्छ । यी दुवै गाउँले रहेको पहिचान भएको छ । उनीहरू दुवैले प्रारम्भिक बयान पनि त्यही दिएका छन् । यसका लागि आफूहरूले पाउने पारिश्रमिकबारे पनि उनीहरूले खुलाएका छन् । चन्द्रले दुबईबाट एक खेप ल्याउँदा ६० हजार रुपैयाँ र मीनबहादुरले त्यसको आवश्यक व्यवस्थापन गरेबापत एक लाख ४० हजार रुपैयाँ लिने गरेको प्रारम्भिक बयानमा बताएका छन् ।

६० महिनामा अन्तर्राष्ट्रिय विमानस्थलबाट दुई क्विन्टलभन्दा धेरै सुन बरामद



गत २ साउनमा अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार हुँदै बाहिरिएको ६०.७१६ किलो सुन सिनामंगलबाट बरामद गरिएको थियो, जुन 'ब्रेकसु'मा लुकाएर ल्याइएको थियो

टेकराज थामी/नयाँ पत्रिका

३८ क्विन्टल सुन तस्करी प्रकरणले पाँच वर्षअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मात्र होइन, देश नै तरंगित बन्यो । घटनामा जोडिएका ४५ भन्दा धेरै अभियुक्त पक्राउ परे, तर तस्करी रोकिएन । फरक-फरक शैली र रूपमा तस्करी झन् मौलायो ।


गत २ साउनमा अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सारको जाँचपास पार गरेर बाहिरिएको ६०.७१६ किलो सुन राजस्व अनुसन्धान विभागले पक्राउ गऱ्यो । उक्त सुन मोटरसाइकल र स्कुटरको 'ब्रेकसु'मा लुकाएर हङकङबाट क्याथे प्यासिफिकको जहाज हुँदै नेपाल ल्याइएको थियो ।

अनुसन्धानमा संलग्न अधिकारीले सोचेका थिए, घटनामा ठूलै व्यापारिक घराना संलग्न छन् । तर, अनुसन्धानपछि खुल्यो, बरामद सुन दुई महिनाअघि मात्रै खोलिएको रेडी ट्रेड नामको कम्पनीले तस्करी गरी ल्याएको रहेछ । ट्रेडका मालिक थिए- दोलखाका दिलीप भुजेल, जो रोजीरोटीका लागि काठमाडौंमा ज्याला-

» पृष्ठ २ मा क्रमशः

तस्करलाई राजनीतिक संरक्षण रहेसम्म विमानस्थलबाट हुने सुन तस्करी रोकिँदैन

● **केशव अधिकारी**, पूर्वडिआइजी



विमानस्थलबाट हुने सुन तस्करी रोकिएको छैन । यसको नाभी राजनीतिक दलका नेतासँग गएर जोडिन्छ । तस्करीका मूल नाइकेलाई नेताको संरक्षण छ । राज्य संयन्त्र प्रयोग गरेर उनीहरू सधैं उम्किन्छन् । जबसम्म उनीहरू पक्राउ पर्दैनन्, सुन तस्करी रोकिँदैन । जस्तो यसअघि भएका तस्करीका घटनालाई लिन सक्छौं । घटनापछि अनुसन्धानका लागि समिति गठन भए । आयोग बन्यो । तस्करलाई राजनीतिक संरक्षण छ भनेर उनीहरूको प्रतिवेदनमा प्रस्ट उल्लेख छ । तर, उनीहरूविरुद्ध कहिले पनि कारबाही हुँदैन । फलतः तस्करका नाइके पक्राउ पर्दैनन् । यो स्थिति कायम रहँदासम्म विमानस्थलबाट हुने सुन तस्करी रोकिँदैन ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

झन्नयाँ

सहरमा फरक पुस्तकालय



पृ. ३

● शान्ति तामाङ

कुनै खास विषयमा केन्द्रित पुस्तकालय उपत्यकामा पाउन मुस्किल थियो । तर, पछिल्लो समय सहरमा केही फरक पुस्तकालय थपिएका छन् । ती हुन्- जुनकिरी : नारीवादी पुस्तकालय, तामाङ राष्ट्रिय पुस्तकालय र राष्ट्रिय ब्रेल पुस्तकालय ।

ग्रामीण पर्यटनका 'क्रस-बोर्डर' अभियन्ता



● गणेश लम्साल

पृ. ४

पीडितले भित्र्याए मिटरब्याजी साहुले 'हडपेको' जग्गाको धान



साहुकार योगेन्द्रले हडपेको जग्गामा लगाइएको धान घर लैजान उठाउँदै मिटरब्याजपीडित

लहानमा **मणिलाल विश्वकर्मा**

ऋणको साँवा-ब्याज चुक्ता गरी धितोबापत लिएको जग्गा फिर्ता गर्न पटक-पटक आग्रह गर्दा आलटाल गरेपछि सिराहा नगरपालिका- १९ सन्हैठा गाउँका एक पीडितले साहुले हडपेको खेतको धान काटेर भित्र्याएका छन् । सन्हैठा गाउँका स्थानीय रामशरण यादवले साहु योगेन्द्र यादवले हडपेकोमध्ये करिब एक बिघा दुई कट्ठा खेतको धान बिहीबार काटेर आफ्नो घर भित्र्याएका हुन् । पीडित यादवलाई धान भित्र्याउन दर्जनौं मिटरब्याजपीडितले सघाएका थिए ।

यादवले गत १ पुस ०६१ मा साहु योगेन्द्रसँग घर व्यवहारका लागि एक लाख रुपैयाँ ऋण लिएका थिए । तर, चार लाख रुपैयाँको कपाली तमसुक गराई साहुकार योगेन्द्रले १० कट्ठा ११ धुर र तीन कट्ठा नौ धुर गरी १४ कट्ठा जमिन राजीनामा पाससमेत गराएका थिए । 'साहुसँग एक लाख रुपैयाँ ऋण लिएको थिएँ । दुई वर्षमा चार लाख रुपैयाँ बुझाएँ,' पीडित रामशरणले नयाँ पत्रिकासँग भने, 'तर, साहुले धितोबापत लिएको जग्गा फिर्ता गर्न आनाकानी गर्न थालेपछि धान भित्र्याएको हुँ ।' मिटरब्याज संघर्ष समितिका संयोजक मनोजकुमार पासवानले मिटरब्याजपीडितले

» पृष्ठ २ मा क्रमशः

बन्धक छुटाउन कूटनीतिक पहल

युक्रेनमा दुई र हमासको कब्जामा एक नेपाली बन्दी



सबै कूटनीतिक च्यानलबाट रिहाइका लागि प्रयासरत छौं : परराष्ट्रमन्त्री

शुक्रबार बसेको संसदीय सुनुवाइ समिति

कमलराज भट्ट/नयाँ पत्रिका
तस्बिर : **अमुल थापा**

परराष्ट्रमन्त्री एनपी साउदले युक्रेनमा दुई नेपाली बन्दी अवस्थामा रहेको पुष्टि गर्दै उनीहरूको रिहाइका लागि कूटनीतिक प्रयास सुरु गरिएको बताएका छन् । शुक्रबार संसदीय सुनुवाइ समितिमा बोलाइएका परराष्ट्रमन्त्री साउदले रुसमा मारिएका ६ नेपालीको शव ल्याउन तथा उनीहरूको परिवारलाई क्षतिपूर्ति दिलाउन पनि रुस सरकारसँग प्रयास भइरहेको जानकारी दिए ।

'रुसको सेनामा नेपालीलाई भर्तीका लागि पठाउने सरकारको नीति छैन, रुस सरकारसँग हाम्रा राजदूतले संवाद गरिरहेका छन्,' परराष्ट्रमन्त्री साउदले भने, 'त्यहाँ मारिएका ६ जना नेपालीको शव फिर्ता र परिवारलाई क्षतिपूर्तिका लागि प्रयास जारी राखेका छौं । सेनामा भर्ना भएकालाई पनि फिर्ता गराउन रुस सरकारसँग अनुरोध गरेका छौं ।' केही विद्यार्थी, केही भिजिट, केही वर्किङ भिसामा नेपाली नागरिक रुस गएको जानकारी प्राप्त भएको पनि उनले बताए ।

युक्रेनमा दुईजना युद्धबन्दी भएको जानकारी आएकोमा दिल्लीस्थित युक्रेनको राजदूतावासले एकजनाको पुष्टि गरेको परराष्ट्रमन्त्रीले जानकारी दिए । 'दिल्ली दूतावासबाट युक्रेन दूतावाससँग पत्राचार भएको छ । जर्मनीको बर्लिन दूतावासमार्फत युक्रेनसँग कूटनीतिक पहल भइरहेको छ,' साउदले भने । युक्रेनमा विवेक खत्री र सिद्धार्थ ढकाल युक्रेनी सैनिक हिरासतमा छन् । उनीहरू रुसी सेनामा भर्ना भएर लडाइँमा जाने क्रममा युक्रेनी सैनिकको नियन्त्रणमा पुगेको भन्दै रिहाइको पहल गर्न परिवारजनले आग्रह गर्दै आएका छन् ।

विपिन जोशीलाई पनि रिहाइको पहल

परराष्ट्रमन्त्री एनपी साउदले २० असोजमा इजरायलबाट हमासको कब्जामा रहेका कञ्चनपुरका विपिन जोशीको रिहाइका लागि पनि प्रयास भइरहेको जानकारी दिए । 'भोलि बिहान दोहा फोरममा भाग लिन कतार जाँदै छु,' साउदले भने, 'हमाससँग सहजीकरण गरिरहेका कतारका मन्त्रीसँग कुरा राख्नेछु । सरकारले आफ्नोतर्फबाट सबै पहल गरिरहेको छ ।'

परराष्ट्रमन्त्री साउदले इजरायल सरकारका बन्दी तथा बेपत्ता व्यक्तिका विषयमा हेर्ने संयोजक गल हर्चसँग शुक्रबार टेलिफोनमा कुराकानी गरेका छन् । सुदूरपश्चिम विश्वविद्यालयबाट 'अर्न एन्ड लर्न' कार्यक्रमअन्तर्गत अध्ययनका लागि इजरायल पुगेका जोशीको हालको अवस्था पत्ता लगाउन, सुरक्षाको प्रत्याभूति गर्न र शीघ्र रिहाइ गराउने प्रयासकै निरन्तरतास्वरूप टेलिफोन संवाद गरेको उनको सचिवालयले जनाएको छ ।

परराष्ट्रमन्त्री साउदले विद्रोही समूह हमासको नियन्त्रणमा रहेका जोशीको वर्तमान अवस्था इजरायली स्रोतमार्फत यकिन गरिदिन आग्रह गरे । उनको सुरक्षाको प्रत्याभूति दिलाइदिन र आगामी दिनमा हमासको नियन्त्रणमा रहेका बन्दी रिहाइ हुँदा पहिलो चरणमा नै जोशीलाई प्राथमिकतामा राखिदिने प्रयासका लागि पनि परराष्ट्रमन्त्रीले आग्रह गरे । इजरायलसँग नेपालको ऐतिहासिक सम्बन्धका सन्दर्भमा यस मानवीय सहयोगले विशेष अर्थ राख्ने पनि परराष्ट्रमन्त्री साउदले बताएका थिए ।

संयोजक हर्चले जोशीलाई इजरायलले पारिवारिक सदस्यजस्तो मानेको र उनको रिहाइलाई प्राथमिकताका साथ ध्यान

» पृष्ठ २ मा क्रमशः

दलित भएकै कारण ६२ वर्षीया शोभाले वृद्धाश्रममा पाइनन् शरण

विराटनगरमा **गणेश लम्साल**

दलित भएकै कारण मोरङ उर्लाबारी नगरपालिका- १ की ६२ वर्षीया शोभा सुन्दास (परियार) वृद्धाश्रममा शरण पाउनबाट समेत वञ्चित भएकी छिन् । बस्नका लागि बोलाएको विराटनगर पुष्पलाल चोकस्थित जागृति वृद्धाश्रमले उनी दलित भएको थाहा पाएपछि शरण दिन इन्कार गर्दै फिर्ता पठाएको हो ।

सन्तानविहीन शोभा उर्लाबारीमा भद्रगोल ढंगले बस्दै आएकी थिइन् । उनको अवस्था देखेर उर्लाबारी नगरपालिका-३ की नम्बर वडासदस्य टीका भुजेलले वडाको सिफारिस बनाएर गत १५ मंसिरमा उनलाई आश्रममा लिएर आएकी थिइन् । पहिले राख्न सहमत भएको आश्रमले सुन्दास थर दलित भन्ने थाहा पाएपछि राख्न मानेन ।

आश्रमका सञ्चालकले 'दलितलाई राख्यो भने अरू कोही पनि आश्रममा बस्दैनन्' भन्दै राख्न नमानेको वडासदस्य भुजेलले बताइन् । 'आश्रमले दलितलाई किन ल्याएको भन्दै आपत्ति जनाएर राख्न मानेन,' उनले भनिन्, 'त्यसपछि आमालाई फर्काएर उर्लाबारी नै ल्याउनुपऱ्यो । आश्रमकै आग्रहमा वडाबाट सिफारिस बनाएर आमालाई लगेका हौं । तर, सानो जात भन्ने थाहा पाएपछि राख्न मानेनन् । अब उहाँलाई राख्न अर्को आश्रम खोज्दै



शोभा सुन्दास (परियार)

छौं ।' दलित वृद्धा पुनः उर्लाबारी नै फर्किएकी छिन् ।

अधिकारकर्मी उमेश विश्वकर्माले जातीय छुवाछुत कानुनअनुसार कारबाही माग गर्दै जिल्ला प्रहरी मोरङमा २१ मंसिरमा उजुरी दर्ता गराएका छन् । तर, उजुरीउपर प्रहरीले कारबाही गरेको छैन । मोरङ प्रहरी प्रवक्ता डिएसपी रञ्जन दाहालले उजुरी दर्ता भएपछि घटनाबारे बुझ्ने काम भइरहेको र बुझिसकेपछि किटानी जाहेरी दर्ता गरेर कानुनअनुसार कारबाही गर्ने बताए ।

घटनाबारे जानकारी पाएपछि कोशी प्रदेशका सांसदहरूले जातकै कारण दलित वृद्धालाई शरण दिन अस्वीकार गर्ने आश्रम सञ्चालकलाई पक्राउ गरेर कारबाही गर्न माग गरेका छन् । सांसद कमला दर्नाल, सुनिता राम, किशोरचन्द्र दुलाल, लीलाबल्लभ अधिकारी, जयप्रकाश चौधरी, सुनिता गच्छदारलगायतले सार्वजनिक आश्रममा दलित वृद्धालाई विभेद गर्ने आश्रमलाई कारबाही गराउन आफूहरूले प्रदेश सभामा जोडदार आवाज उठाउने बताए । प्रदेश दलित अधिकार ऐन निर्माण गर्न शुक्रबार विराटनगरमा भएको छलफलमा घटनाबारे जानकारी पाएपछि उनीहरूले एउटै स्वरमा भने, 'संविधान र कानुनले अमानवीय र दण्डनीय बनाइसक्दा पनि यसरी दलित भएकै कारण विभेद गर्ने आश्रम खारेज गराउन र दोषीलाई तुरुन्त पक्राउ गरेर कानुनी सजाय दिलाउन जोडदार माग गर्छौं ।'

अधिकारकर्मीले अमानवीय घटनाबारे संसदीय समिति, मानव अधिकार आयोग र दलित आयोगले चाँडै अनुगमन गरेर पीडितलाई न्याय दिलाउन माग गरेका छन् । आश्रमकी सञ्चालक समिति अध्यक्ष भुवनेश्वरी आचार्यले भने आश्रम साँघुरो भएकाले शोभालाई तत्काल शरण दिन नसकेको दाबी गरिन् । दलित भएकै कारण विभेद नगरेको उनको दाबी छ ।

सर्वोच्चका प्रस्तावित तीन न्यायाधीशविरुद्ध दश उजुरी

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतका लागि प्रस्तावित ६ मध्ये ती न्यायाधीशविरुद्ध संसदीय सुनुवाइ समितिमा दशवटा उजुरी दर्ता भएको छ। न्यायपरिषद्बाट प्रस्तावित ६ मध्ये सारंगा सुवेदीविरुद्ध ६, टेकप्रसाद ढुंगानाविरुद्ध तीन र अब्दुज अजिज मुसलमानविरुद्ध एउटा उजुरी दर्ता भएको हो। अन्य तीन प्रस्तावित न्यायाधीश महेश शर्मा पौडेल, सुनीलकुमार पोखरेल र बालकृष्ण ढकालविरुद्ध भने कुनै उजुरी परेको छैन।

न्यायपरिषद्ले ५ मंसिरमा सर्वोच्चको न्यायाधीशका लागि ६ जनाको नाम प्रस्ताव गरेको थियो। सिफारिसअघि न्यायाधीश सुवेदी उच्च अदालत जनकपुरमा कार्यरत थिइन् भने मुसलमान उच्च अदालत पाटनको हेटौँडा इजलासमा थिए। पौडेल र ढुंगाना उच्च अदालत पाटनमा थिए। सिफारिसमा परेका अन्य दुई कानुन व्यवसायबाट सर्वोच्च आएका हुन्। पोखरेल र ढकाल वरिष्ठ अधिवक्ता हुन्।

समितिले ८ मंसिरमा सूचना निकाल्दै १० दिनभित्र उजुरी आह्वान गरेको थियो। ती उजुरी बिहीबार बिहान ११ बजे खोलिएका हुन्।

न्यायाधीशहरूविरुद्ध परेको उजुरीमाथि २७ मंसिरबाट सुनुवाइ सुरु हुनेछ। सो दिन उजुरीकर्तासँग समितिले छलफल गर्नेछ भने २९ मंसिर, १ र २ पुसमा न्यायाधीशहरूको सुनुवाइ गर्ने समितिको तयारी छ। एक दिनमा दुई न्यायाधीशको सुनुवाइ सक्ने तयारी गरिएको समितिले जनाएको छ।

सुवेदीविरुद्ध यस्ता छन् उजुरी

चिरञ्जीवीभक्त पौडेलले १५ मंसिरमा समितिमा दर्ता गराएको उजुरीमा सुवेदीको नाम अस्वीकृत गर्न कर्तव्य ज्यानको थुनेछक आदेशलाई आधार लिएका छन्। उच्च अदालत जनकपुरको वीरगन्ज इजलासमा हुँदा न्यायाधीशको पदीय आचरण र मर्यादाविपरीत विचलित भई विवादित आदेश गरेको भनी न्यायपरिषद्मा आफूले उजुरी गरेको तर कुनै कारबाही नभएको उनको भनाइ छ। यसै वर्ष २१ असोजमा उनले परिषद्मा उजुरी दर्ता गराएका थिए। पौडेलको जाहेरीले नेपाल सरकार वादी रहेको कर्तव्य ज्यान मुद्दा बारा जिल्ला अदालतमा चलिरहेकोमा सबै प्रतिवादीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको थियो। तर, न्यायाधीश सुवेदीसमेतको उच्च अदालत जनकपुरको वीरगन्ज इजलासले १२ मध्ये सात प्रतिवादीलाई यसै वर्ष ६ असोजमा धरौटीमा छाडेको थियो। उक्त आदेशविरुद्ध सर्वोच्चमा परेको निवेदन विचाराधीन छ।

उच्च अदालत वीरगन्जको पेसी सूची प्रकाशनमा नै चलखेल भएको आरोप पौडेलको छ। '... कजलिस्ट तोक्दा नै अनियमितता गरी आरोपित कसुरमा साबित भएका थुनामा रहेका प्रतिवादीलाई तारेखमा छाड्ने आदेश गरी अनियमितता र न्यायिक विचलनमा संलग्न भएको हुँदा मुख्य न्यायाधीश सारंगा सुवेदीका क्रियाकलाप शंकास्पद देखिएको र त्यसउपर न्यायपरिषद्मा उजुरी परी विचाराधीन रहेको अवस्थामा न्यायपरिषद्ले आवश्यक छानबिन गरी कारबाही गर्नुपर्नेमा छानबिनसम्म पनि नगरी निजलाई न्यायपरिषद्बाट सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरिएको छ,' उजुरीमा भनिएको छ।

ढुंगानाविरुद्ध सहकर्मीकै उजुरी

सर्वोच्चका लागि सिफारिस भएका अर्का न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले गरेका फैसलालाई लिएर पनि सुनुवाइ समितिमा उजुरी परेका छन्। उनीविरुद्ध तीनवटा उजुरी दर्ता भएको समितिले जनाएको छ। धरौटी नराखी राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्नुपर्नेमा सो नगर्दा नेपाल सरकारलाई अर्बौं रुपैयाँ नोक्सान भएकाले उनलाई सर्वोच्चमा नियुक्त गर्न नहुने दाबी उजुरीकर्ताको छ। तीन सदस्यीय इजलास रहनेमा न्यायाधीश ढुंगानासमेतको बहुमतको रायबाट भएको फैसला त्रुटिपूर्ण रहेको दाबी उजुरीमा छ। न्यायाधिकरणमा लेखा सदस्यका रूपमा रहेका पुष्पप्रसाद गुरागाईंले यस विषयमा उजुरी दर्ता गराएका हुन्।

मुसलमानविरुद्ध एक मात्र उजुरी

न्यायाधीश मुसलमानविरुद्ध अंशसम्बन्धी एक मुद्दामा उच्च अदालत पाटनको हेटौँडा इजलासबाट भएको फैसलाविरुद्ध उजुरी परेको छ। जानुकादेवी भट्टराईले अंश मुद्दामा आफूलाई मार पर्ने गरी गलत फैसला गरेको भन्दै उजुरी हालेकी हुन्।

राज्य व्यवस्थाले एनसेलबारे प्रधानमन्त्रीसँग ब्रिफिङ लिने

काठमाडौं/ एनसेलको सेयर खरिद-बिक्री प्रकरणबारे जानकारी लिन प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई आमन्त्रण गरेको छ। समितिको शुक्रबार बसेको बैठकले राजनीतिक र प्रशासनिक नेतृत्वको सेटिङमा एनसेलमा घोटाला भएको आशंका गर्दै हालसम्म भए गरेका कारबाही, छानबिन समिति गठनलगायत प्रगतिको जानकारी लिन प्रधानमन्त्रीलाई बोलाउने निर्णय गरेको हो।

समिति सभापति रामहरि खतिवडाका अनुसार २५ मंसिरमा प्रधानमन्त्री प्रचण्डलाई संवैधानिक परिषद्का काम, कर्तव्य र अधिकारसम्बन्धी विधेयकमा छलफलका लागि आमन्त्रण गरिएको छ। सोही बैठकमा एनसेल प्रकरणबारे पनि जानकारी लिने गरी अनुरोध गरिएको उनले बताए। निर्णयपछि समितिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्र पठाएको छ। 'समितिको निर्णयअनुसार एनसेलसम्बन्धी के भयो, कस्तो भएको हो र अहिलेको अवस्था के हो भन्नेबारे उपस्थित भएर जानकारी गराइदिन अनुरोध गर्दै प्रधानमन्त्रीलाई पत्र पठाएका छौं,' समिति खतिवडाले भने।

■ एनसेल प्रकरणमा ठूलो चलखेल : वर्षमान

माओवादी केन्द्रका उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुन अनन्तले एनसेल खरिद-बिक्री प्रकरणमा राज्यलाई प्रत्यक्ष हानि पुग्ने गरी ठूलो आर्थिक लेनदेन भएको दाबी गरेका छन्। सोमबार पार्टीसम्बद्ध औद्योगिक मजदुर शाखाको प्रशिक्षण कार्यक्रममा बोल्दै नेता पुनले सरकारद्वारा गठित उच्चस्तरीय छानबिन समितिले अध्ययन गरिरहेकाले सबै विषय अहिल्यै बाहिर ल्याउने नमिल्ने बताए। बदमासी पुष्टि हुने आधार सरकारसँग रहेको उनको भनाइ छ। आफ्नो पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तदारुकताका साथ एनसेल प्रकरण छानबिन अघि बढाएको भन्दै तथ्य र प्रमाणका आधारमा राज्य ठगी गर्ने काममा संलग्न कोही पनि दोषी नउम्कने गरी कारबाही गरिने नेता पुनले बताए।

पाँच महिना...

पृष्ठ १ बाट क्रमशः

प्रमुख डा. टोकराज पाण्डे नेतृत्वको विशेष टोलीले विमानस्थल सुरक्षा कार्यालयको विशेष सहयोगमा चन्द्रलाई पक्राउ गरेको थियो। तस्करीको सुन ल्याएर आउँदै छन् भन्ने सूचना पाएको कार्यालयले उनी विमानबाट झर्नेबित्तिकै पहिचान गरेर खानतलासी गरेको थियो। चन्द्रले ज्याकेटभित्र छातीको दायाँ-बायाँ पर्ने गरी कपडामा बेरेर लुकाएर सुन ल्याएका थिए।

चन्द्रले निकासी-पैठारी नियन्त्रण ऐन, २०१३ र भन्सार ऐन, २०६४ अन्तर्गत भन्सार महसुल छली तथा चोरी-पैठारीको कसुर गधङ्रेको देखिएको कार्यालयले जनाएको छ। चन्द्रलाई समातेपछि उनले पोलेका गोरखाकै मीनबहादुर घलेलाई पनि भन्सार क्षेत्रबाहिरबाट पक्राउ गरिएको छ। उनीहरू दुवैलाई प्रहरी हिरासतमा राखिएको छ। उनीहरूमाथि थप छानबिन चलिरहेको छ। अब अनुसन्धान दोस्रो चरणमा प्रवेश गरेको कार्यालयले जनाएको छ। आइतबारदेखि उनीहरूको बयानसमेत सुरु हुनेछ।

यसअघि गत २ साउनमा राजस्व अनुसन्धान विभागले विमानस्थल भन्सार परिसरबाटै तस्करी भएर आएको ६० किलो ६८९ ग्राम सुन बरामद गरेको थियो। यसमाथि सुरुमा विभाग र पछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले छानबिन गरेर अहिले काठमाडौं जिल्ला अदालतमा मुद्दा विचाराधीन छ।

विमानस्थल भन्सार कार्यालयलाई तस्करीको सुन आउँदै छ भन्ने पूर्वसूचना थियो। 'सूचनाका आधारमा केही दिनदेखि नै विमानस्थलमा आउने-जाने, खासगरी अन्तर्राष्ट्रिय उडानमा बढी चासो दिँदै शंकास्पद गतिविधिमा निगरानी गरिरहेका थियौं,' कार्यालय प्रमुख डा. पाण्डेले भने, 'अघिल्लो दिन (बुधबार) पनि केही उडानलाई अनुसन्धानको दायरामा ल्याएका थियौं।'

पाण्डेका अनुसार कार्यालयले निगरानी गर्न टोली नै बनाएर खटाएको थियो। सुन आउने उडान क्षेत्र, यात्रु र समयसमेतको पहिचान भइसकेको थियो। करिब ४८ घन्टादेखि नै कार्यालय र प्रहरीसहितको संयुक्त टोली तस्करीको सुन बोकेर आउने व्यक्तिलाई पक्राउ गर्न तयारी अवस्थामा खटिएको थियो।

'ज्याकेटको भित्र दुई-दुई किलो सुनका सात बिस्कुट लुकाएर ल्याएका चन्द्र घलेलाई विमानबाट झर्नेबित्तिकै नियन्त्रणमा लियौं,' कार्यालय प्रमुख पाण्डेले भने, 'अनुसन्धानका क्रममा वाकथ्रु गेटमा ल्याएर चेकजाँच गर्दा सुनको तौल १४ किलो देखियो।' भन्सार कार्यालयका अनुसार भन्डै १० किलोजति सुन आउने पूर्वसूचना प्राप्त भएको थियो, तर बरामद भएको सुनको तौल १४ किलो देखिएको छ।

स्थलमार्गबाट पनि हुन्छ सुन तस्करी

प्रहरीले शुक्रबार बिहान उपत्यका भित्रिने मुख्य नाकाबाट नागढुंगाबाट दुई किलो सुनसहित रसुवा गोसाइँकुण्ड- ५ का २६ वर्षीय बिरु तामाङ, २१ वर्षीय सुनील भुजेल र २८ वर्षीय ग्यालछिरिङ तामाङलाई पक्राउ गऱ्यो। उनीहरूले बागमती प्रदेश ०१ ०२८ च २६९७ नम्बरको स्कार्पियोको गियर बक्समा लुकाई रसुवा नाका हुँदै सुन काठमाडौं ल्याएका थिए।

त्यसअघि गत १३ असोजमा दोलखाको उत्तरी फलेक नाका हुँदै तस्करी भई आएको ११ किलो सुन बरामद भयो। उक्त सुन चिनियाँ व्यापारी ६६ वर्षीय टासी दावा भनिने आगर लामा र गेङ राउले नेपाल भित्र्याएका थिए। घटनामा संलग्न १५ अभियुक्तलाई प्रहरीले पक्राउ गऱ्यो। अनुसन्धानपछि खुल्यो, उक्त समूहले वर्षदिनभित्र सोही नाकाबाट ३३ किलो सुन तस्कर गरिसकेका थिए।

६० महिनामा...

पृष्ठ १ बाट क्रमशः

मजदुरी गर्दै आएका थिए।

भुजेललाई कुख्यात तस्कर चिनियाँ नागरिक वाङ डाओजिनले प्रयोग गरेका थिए। वाङकै निर्देशनमा ट्रेडबाट दुई महिनाभित्र थप ३०२.०६२ किलो सुन तस्कर गरिएको थियो। जसमध्ये ६०.७१६ किलो सुन मात्रै बरामद हुन सकेको थियो। बाँकी २४१.३४६ किलो तस्करहरूले सफलतापूर्वक गन्तव्यसम्म पुऱ्याएका थिए।

गत १० पुसमा फ्लाई दुबईको जहाज हुँदै अन्तर्राष्ट्रिय विमानस्थल झरेका चिनियाँ नागरिक ली हानसोङ इ-सिगरेट (विद्युतीय चुरोट)सहित पक्राउ परे। अनुसन्धानपछि इ-सिगरेटभित्र सुन रहेको खुल्यो। भन्सार विभागले बरामद सबै सिगरेटको 'सिलिन्डर' खोल्यो। लुकाई राखिएको सुन जम्मा गऱ्यो। तौल लिँदा नौ किलो रहेको खुल्यो।

गत ८ पुसमा अन्तर्राष्ट्रिय विमानस्थलमै १९ किलो सुन बरामद भयो। फ्लाई दुबईको जहाजबाट विमानस्थल झरेका सुडानी नागरिक मोहम्मद महमेदले डफला साराफेन्दिनले उक्त सुन कपडामा स्प्रे गरी ल्याएका थिए।

गत ८ कात्तिकमा पनि 'स्प्रे' गरिएको ४२ ९.८२० ग्राम सुनसहित भारतीय नागरिक ३९ वर्षीय मोहम्मद कसिम पक्राउ परे। उनी नेपाल एयरलाइन्सको जहाज हुँदै दुबईबाट काठमाडौं उत्रिएका थिए। उनले कार्टुन बक्सको भित्री तहमा 'स्प्रे' गरी सुन ल्याएका थिए। प्रहरीले उनलाई विमानस्थलबाट बाहिरिँदै गर्दा पक्राउ गरेको थियो।

शंकास्पद कसिमलाई 'एक्स-रे मेसिन'मा राखेर चेकजाँच गर्दा मलद्वारमा समेत सुनका दुईवटा 'क्याप्सुल' भेटियो। क्याप्सुल गाल्दा २५०.८५० ग्राम सुन फेला परेको थियो। जसलाई उनी भारत लैजाने तयारीमा थिए।

कुवेतबाट जजिरा एयरको जहाज हुँदै काठमाडौं आएका भारतीय नागरिक ४१ वर्षीय फैजन अनवेर गत १७ फागुनको बिहान २:२० बजे त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल उत्रिए। लगेजसहित आएका उनी विमानस्थलको आगमन कक्षबाट सरासर बाहिरिए। उनी नीलो पाइन्टमा थिए, तर उनको पहिरन अस्वाभाविक देखिन्थ्यो।

शंका लागेपछि प्रहरीले फैजनलाई नियन्त्रणमा लियो। कुनै गल्ती नगरेको भन्दै उनी प्रहरीसँग कड्किए। शरीरबाट कपडा पालैपालो उतारियो। पाइन्ट र उनले लगाएको गन्जीको तौल अस्वाभाविक देखियो। प्रहरीले पाइन्टको भित्री भाग उल्टायो, तर केही भेटिएन। त्यसवेलासम्म फैजन गलेका थिएनन्। जब प्रहरीले पाइन्टको सिलाइ उधार्न थाल्यो, बल्ल उनी गल्न थाले। किनकी फाइन्टभित्र सुनले 'स्प्रे' गरिएको यस्तो पत्र थियो, जुन उनले कुवेतदेखि लगाएर आएका थिए।

प्रहरीले फैजनको गन्जीको सिलाइ पनि उधाऱ्यो। त्यसभित्र पनि सुनले 'स्प्रे' गरिएको अर्को पत्र भेटियो। प्रहरीका अनुसार उनको पाइन्ट र गन्जीभित्र मात्रै 'स्प्रे' गरिएको एक किलो दुई सय ग्राम सुन फेला परेको थियो।

यी पाँच घटनाले अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने सुन तस्करी नरोकिएको, तर शैली भने बदलिएको देखाउँछ। नेपाल प्रहरीका पूर्वडिआइजी केशव अधिकारी तस्करका मुख्य योजनाकारमाथि राजनीतिक संरक्षण रहेसम्म विमानस्थलबाट हुने सुन तस्करी नरोकिने बताउँछन्।

'विमानस्थलबाट हुने सुन तस्करी रोकिएको छैन। पटक-पटक सुन बरामद भएका घटनाले यसको पुष्टि गर्छ। यसका केही खास कारण छन्। त्यो हो मुख्य नाइके कहिले पनि पक्राउ नपर्नु। यिनीहरूले राजनीतिक दलका नेतामाथि लगानी गरेका हुन्छन्। बदलामा उनीहरूमाथि राज्य संयन्त्र र नेताको संरक्षण हुन्छ। यी र यस्ता गतिविधि कायम रहँदासम्म विमानस्थलबाट हुने सुन तस्करी रोकिँदैन,' अधिकारीले भने।

६० महिनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट साढे दुई क्विन्टल तस्करीको सुन बरामद

काठमाडौं उपत्यकाभित्रबाट पछिल्लो ६० महिनामा भन्सार कार्यालय र प्रहरीले साढे दुई क्विन्टल (२४१.८१ किलो) तस्करीको सुन बरामद गरेको छ। त्यसको ८५ प्रतिशत सुन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद भएको हो। हाल चलेको बजार भाउअनुसार बरामद सुनको मूल्य दुई अर्ब ४२ करोड ८४ लाख ९७ हजार आठ सय ३० रुपैयाँ पर्छ।

तथ्यांकअनुसार तस्करीको दर विगत वर्षका तुलनामा पछिल्लो वर्ष बढेको छ। विमानस्थल भन्सार कार्यालयले ०७८/७९ मा विमानस्थलबाट ३१ किलो दुई सय ५० ग्राम सुन बरामद गरेको थियो। त्यस्तै, ०७९/८० मा विमानस्थलबाट एक सय १२ किलो पाँच सय ५७ ग्राम सुन बरामद गएको छ। यो दर अघिल्लो आर्थिक वर्षको तुलनामा २६०.२३ प्रतिशतले धेरै हो। जसले विमानस्थलबाट हुने सुन तस्करी नरोकिएको बरु, स्वरूप बदलेर शतप्रतिशत बढेको देखाउँछ।

अर्ध ठोस बनाएर पनि हुन्छ तस्करी

गत ८ पुसमा फ्लाई दुबईको उडानबाट २७ वर्षीय सुडानी नागरिक मोहम्मद अहमद डाफल्ला अन्तर्राष्ट्रिय विमानस्थल उत्रिए। दुबईबाट आएका उनको गतिविधि शंकास्पद देखियो। प्रहरीले उनको शरीरको खनतलासी लियो। यही क्रममा उनले लगाएको ज्याकेटभित्र अर्ध ठोस अवस्थाको पहेँलो पदार्थ भेटियो। परीक्षणपछि उक्त अर्ध ठोस पदार्थ सुन रहेको खुल्यो। तौल लिँदा सुनको परिमाण १९ किलो थियो।

त्यस्तै, गत १९ माघमा फ्लाई दुबईकै उडानबाट क्यालेनियन नागरिक ३५ वर्षीय मोहम्मद कमल महगोब काठमाडौं उत्रिए। विमानस्थलको आगमन कक्षबाट बाहिरिने क्रममा उनले लगाएको पेटी अस्वाभाविक देखिन्थ्यो। शंका लागेपछि प्रहरीले नियन्त्रणमा लियो। चेकजाँच गर्दा पेटीभित्र अर्ध ठोस अवस्थाको आठ किलो १७८.८० ग्राम सुन फेला पऱ्यो। भन्सार कार्यालयका अनुसार पक्राउ परेका डाफल्ला र महगोब एउटै गिरोहका सदस्य हुन्। उनीहरूले बरामद सुन स्थलमार्ग हुँदै भारत लैजाने तयारी गर्दै थियो।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाण्डौं, फोनं. ४-५८९२५७

शिलबन्दी वोलपत्र आव्हानको सूचना नं.- ०३/०८०/८१

पहिलो पटक प्रकाशित मिति २०८०/०८/२३

कामपा वडा नं. ६ स्थित विभिन्न स्थानहरूमा निर्माण कार्य गर्न तपशिलमा उल्लेखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट/नोट अनिवार्य सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ।

शर्तहरू

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ।
(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (एब्ल) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only) (छ) Bid security(Bank Gurantee)
२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई यस समितिबाट साहित्य सदन नेपालको प्रवेशद्वार ,पर्खाल निर्माण गर्ने कार्य र महेन्द्र बौद्ध मा.वि.मा बालबालिकालाइ शौचालय निर्माण, दुवो र फिनिसिङ गर्ने कार्यको लागि यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र वोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र वोलपत्र खोलिनेछ। वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ।
३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।
४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड वोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। नगद जमानतको लागि कुल ठेक्का अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ।
७. रित पूर्वक भरी नआएको, शिलबन्दी भई नआएको, नोटरी नभएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।
९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ।
१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ।
११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ। साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१२ फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ।

तपशिल

सि.नं. / ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
१	साहित्य सदन नेपालको प्रवेशद्वार र पर्खाल निर्माण गर्ने कार्य	२.५ प्रतिशत	२४,९७,४९०.१६	१५००
२	महेन्द्र बौद्द मा.वि.मा बालबालिकालाइ शौचालय निर्माण,दुवो र फिनिसिङ गर्ने कार्य	२.५ प्रतिशत	१९,९९,७२५.६०	१०००

पीडितले भित्र्याए...

पृष्ठ १ बाट क्रमशः

जिल्ला प्रशासनमा दिएको लामो समयसम्म पनि न्याय नपाएपछि आफ्नो जग्गामा हकभोग गर्न उठ्न थालेको प्रतिक्रिया दिए।

ऋण चुक्तापछि उल्टै मुद्दा

रामशरणले सम्पूर्ण ऋण चुक्ता गरिसकेपछि उनको जमिन फिर्ता गर्न योगेन्द्रलाई पटक-पटक स्थानीय अगुवाले आग्रह गरेका थिए। तर, जग्गा फिर्ता दिनुको साटो योगेन्द्रले चार लाख रुपैयाँको तमसुकका आधारमा रामशरणविरुद्ध सिराहा जिल्ला अदालतमा लेनदेनसम्बन्धी मुद्दा चलाए। त्यसक्रममा रामशरणको थप दुई बिघा १० कट्ठा ६ धुर जमिन डाक लिलामबाट योगेन्द्रले नै हडपे। 'कर्मचारीसँगको मिलेमतोमा चार लाख रुपैयाँको ब्याजसमेत जोडेर मेरो थप जमिन हडपियो,' उनले भने।

गाउँमै दर्जनौंपटक भएका सामाजिक छलफलले जमिन फिर्ता गर्न चर्को दबाब दिएपछि १८ माघ ०६९ मा योगेन्द्रले एक बिघा चार कट्ठा जमिन फिर्ता गरेका थिए। तर, ३ पुनः योगेन्द्रले नै छोरा र श्रीमतीको हक दाबी मुद्दामार्फत २ जेठ ०७५ मा उक्त जमिन पुनः हत्याए। सरकारले अनुचित लेनदेनसम्बन्धी कानुन ल्याएपछि पीडित यादवले जिल्ला प्रशासन कार्यालय सिराहामा अनुचित लेनदेनमा उजुरी दिएपछि जिल्ला प्रशासनले पत्र काटेर छलफलमा बोलाउँदा योगन्द्र अनुपस्थित हुने गरेका थिए। पछिल्लोपटक प्रशासनको रोहवरमा ११ मंसिरमा भएको छलफलमा योगेन्द्रले १४ कट्ठा जमिन किनेको र बाँकी जमिन आफूसँग लिएको ऋणबापत अदालतबाट डाक लिलाम गरी लिएको बताएका थिए।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८०/०८/२३

यस बैंकको शाखा धुन्चे, रसुवाबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालय : शाखा धुन्चे, रसुवा

क्र.सं.	कर्जाग्राहीको नाम	ठेगाना	बाबु/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा	२०८० मंसीर २२ गतेसम्मको ब्याज	जम्मा	धितो मन्जुरीनामा दिने/जमानत दिनेको नाम
१.	अजय लामा	उत्तरगया ३ ठूलोगाउँ, रसुवा	निर बहादुर तमाङ	कृष्णे	व्यक्तिगत ओ.डि.	५०००००	४००००	५४००००	सरिता लामा
२.	लेख बहादुर न्यौपाने	धैबुङ ५, रसुवा	धन बहादुर न्यौपाने	चेतनाथ	सरल कृषि कर्जा	१००००००	७००००	१०७००००	मुना तमाङ
३.	तुलाराम लो	लहरेपौवा ७, रसुवा	सिंग बहादुर लो	मान बहादुर	सरल कृषि कर्जा	५९००००	३५०००	६२५०००	सिंग बहादुर लो
४.	जित बहादुर लो	लहरेपौवा ७, रसुवा	सिंग बहादुर लो	मान बहादुर	सरल कृषि कर्जा	४०००००	३००००	४३००००	सिंग बहादुर लो
५.	स्मिता किराना पसल, (प्रो. स्मिता खड्का)	धुन्चे ५ रसुवा	रामेश्वर खड्का	लिला खड्का	सहुलीयत कर्जा	३४२०००	१२३०००	४६५०००	रामेश्वर खड्का
६.	राम बहादुर गुरुङ	ठूलोगाउँ ३, रसुवा	तुला बहादुर गुरुङ	डम्बर गुरुङ	सरल कृषि कर्जा	५०००००	६५०००	५६५०००	जानकी गुरुङ
७.	कामी घले कृषि तथा पंशुपक्षी फर्म (प्रो.कामी सार्की घले)	नौकुण्ड गा.पा. ६ रसुवा	मेन्दो घले	वाङजु घले	सरल कृषि कर्जा	७५००००	५००००	८०००००	मेन्दो घले
८.	गौरी कुखुरा फर्म (प्रो. गौरी गुरूङ)	उत्तरगया ३ ठूलोगाउँ, रसुवा	चमक गुरुङ	कुते गुरुङ	सरल कृषि कर्जा	१००००००	७५०००	१०७५०००	चमक गुरुङ
९.	विर बहादुर गुरूङ	ठूलोगाउँ ५, रसुवा	स्वस्ते गुरुङ	जस बहादुर	सरल कृषि कर्जा	१००००००	८२०००	१०८२०००	हेम कुमारी गुरुङ
१०.	सुकु ग्यालबो घले	धुन्चे १ रसुवा	वेशल घले	थि निमा घले	सरल कृषि कर्जा	१००००००	६००००	१०६००००	इन्दिरा घले

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौं।

बन्धक...

पृष्ठ १ बाट क्रमशः

दिने आश्वासन दिएका छन्। यसअघि परराष्ट्रमन्त्री साउदले गत मंगलबार कतारका राजदूत मिसाल मोहम्मद अल अन्सारीसँग विद्रोही हमासको नियन्त्रणमा जोशीको रिहाइका लागि सबै उपाय लगाउन आग्रह गरेका थिए।

जवाफमा राजदूत अन्सारीले इजरायल र विद्रोही हमासबीच पुनः सुरु भएको युद्ध रोक्न कतार सरकारले पहल गरिरहेको बताएका थिए। दोहा फोरममा सहभागी हुन जाने क्रममा पनि जोशीले सम्बद्ध अधिकारीसँग कुराकानी गर्ने संसदीय समितिलाई जानकारी दिएका छन्।

मन्त्री साउदले यसअघि ८ मंसिरमा कतारका विदेश राज्यमन्त्री सुल्तान बिन साद अल-मुखारीसँग मन्त्रालयमा भएको भेटमा जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए। उनले ७ मंसिरमा इजरायलका राजदूत हनान गोडरलाई जोशीको रिहाइबारे छलफल गरेका थिए।

'परराष्ट्रमन्त्री साउदले डिसेम्बर १० देखि कतारमा सुरु हुन गइरहेको दोहा २१औं फोरममा सहभागिता जनाउने क्रममा हुने उच्चस्तरीय भेटमा जोशीको रिहाइको विषय गम्भीरताका साथ उठाउनु हुनेछ,' परराष्ट्रमन्त्रीको सचिवालयले प्रोस नोटमा भनेको छ। दोहा २१औं फोरममा सहभागी हुन उनी शनिबार कतार जाँदै छन्।

यसैबीच, परराष्ट्रमन्त्री साउदले नेपालीले लामो समयदेखि गर्दै आएको माग, स्पेनबाट कन्सुलर सेवा पुऱ्याउन नसक्ने अवस्थालगायत कारण पोर्चुगलमा राजदूतावास खोल्ने निर्णय भएको बताए। 'त्यस सन्दर्भमा अर्थ मन्त्रालयले स्वीकृति दिएपछि खोल्ने निर्णय भएको हो। दूतावासहरू खोल्ने, बन्द गर्ने सरकारको नियमित प्रक्रिया हो,' साउदले भने। परराष्ट्र मन्त्रालयमा जम्मा दुई सय ८३ दरबन्दी रहेको र यसले सबै कूटनीतिक मिसनसमेत हेर्नुपर्ने अवस्थामा कामको बोझ बढेको परराष्ट्रमन्त्रीले बताए।


'हाम्रो समग्र मूल्यांकन गर्न ओएनएम सर्भेका लागि समिति बनेको छ। प्रतिवेदन आइसकेपछि कहाँ-कहाँ दूतावास राख्नुपर्ने, सन्तुलन कायम गर्ने गरी अघि बढ्छौं,' परराष्ट्रमन्त्रीले भने। सांसदहरू महेशकुमार बर्तौला, रमेशजंग रायमाझी, प्रकाश अधिकारी, जीवन परियार, ईश्वरीदेवी न्यौपाने, जगप्रसाद शर्मा, ईश्वरी जिएमले पोर्चुगलमा नेपाली दूतावास स्थापना गर्ने सरकारी निर्णयको स्वागत गरेका थिए। पोर्चुगलमा करिब ६० हजार नेपाली रहेको परराष्ट्रले जनाएको छ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २३ मंसिर ०८०
nayapatrikaofficial @naya_patrika

सहरमा फरक पुस्तकालय

कुनै खास विषयमा केन्द्रित पुस्तकालय उपत्यकामा पाउन मुस्किल थियो । तर, पछिल्लो समय सहरमा केही फरक पुस्तकालय थपिएका छन् । ती हुन्- जुनकिरी : नारीवादी पुस्तकालय, तामाङ राष्ट्रिय पुस्तकालय र राष्ट्रिय ब्रेल पुस्तकालय ।









सानेपामा रहेको बालबालिकाकेन्द्रित पुस्तकालयमा मजदुरी गरेर गुजारा गर्नेहरूका छोराछोरी पढ्न आउँथे । दैनिक करिब ५० जनासम्म बालबालिका पुस्तकालय पुग्थे । उक्त पुस्तकालय बन्द भएपछि त्यस क्षेत्रमा रहने मजदुरका छोराछोरीका लागि ज्ञान आर्जन गर्ने स्थल खट्केको छ ।

राज्यको दायित्व बाटो बनाउने मात्र होइन, ज्ञान अभिवृद्धिका लागि पुस्तकालय खोल्नु पनि हो ।

केही समयअघिसम्म पुस्तकालय भन्नेबित्तिकै केशर पुस्तकालय, नेपाल भारत पुस्तकालय, त्रिभुवन विश्वविद्यालयको पुस्तकालय मात्रै मानिसको दिमागमा आउँथ्यो । अमेरिकन लाइब्रेरी र ब्रिटिस लाइब्रेरीको पनि निकै चर्चा हुन्थ्यो । यस्ता पुस्तकालयमा सबै किसिमका पुस्तक उपलब्ध हुन्थे र हुन्छन् । तर, कुनै खास विषयमा केन्द्रित लाइब्रेरी उपत्यकामा पाउन मुस्किल थियो ।

पछिल्लो समय सहरमा केही नयाँ पुस्तकालय थपिएका छन् । ती हुन्- जुनकिरी : नारीवादी पुस्तकालय, तामाङ राष्ट्रिय पुस्तकालय र राष्ट्रिय ब्रेल पुस्तकालय । यी विविध विषयका पुस्तकालयको स्थापनाले सहरमा पठन संस्कृति अझै जिउँदो रहेको प्रमाण दिन्छ ।

यी पुस्तकालयका आफ्नै लक्षित पाठक छन् । व्यस्त सहरमा मानिसहरू आआफ्नै गतिमा दौडिरहँदा बालबालिका र नारीवादी विषय पढ्न चाहानेहरू जुनकिरी पुस्तकालयमा जम्मा भएका देखिन्छन् । नारीवादका बारेमा पढ्न चाहनेहरू वसन्तपुरपछाडिको यट्खामा आफ्ना बालबालिकासहित पुग्छन् । यो पुस्तकालय औपचारिक रूपमा सुरु भएको करिब डेढ वर्ष भयो । हाल पुस्तकालयमा करिब आठ सयजना सदस्य भइसकेका छन्, २५ सयको हाराहारीमा पुस्तक उपलब्ध छन् । पुस्तकालय भ्वाइसेस अफ वुमनले सञ्चालनमा ल्याएको हो । वुमनकी कार्यकारी निर्देशक पूजा पन्तका अनुसार पुस्तकालयमा महिलाका बारेमा, महिलाका लागि, महिलाले लेखेका धेरै पुस्तक उपलब्ध छन् । तीबाहेक अन्य विधाका पुस्तक पनि पाउन पढ्न सकिने उनको भनाइ छ ।



शान्ति तामाङ
thingshanti88@gmail.com

पठन

काठमाडौंकै बौद्ध स्तूपादेखि तीन सय मिटर दक्षिणतिर पुग्दा एउटा घरमा बोर्ड देख्छौं- तामाङ राष्ट्रिय पुस्तकालय । त्यो पुस्तकालयमा पुग्दा भाषा आयोगका सदस्य तथा भाषाविद् अमृत योञ्जन पुस्तकहरू ओल्टाइपल्टाइ गरिरहेको देख्न सकिन्छ । उनी पुस्तकालयका अध्यक्ष पनि हुन् । पुस्तकालयमा तामाङ इतिहासदेखि वर्तमानसम्मका गहकिला पुस्तक प्रशस्तै देख्न सकिन्छ । पुस्तकालयले दुई वर्षमै करिब ३५ लाखको संरचना जम्मा पारिसकेको छ, १५ हजार पुस्तक संकलन गरिसकेको छ । दुई वर्ष मात्र भयो, पुस्तकालय सञ्चालनमा आएको । तर, भाषाविद् योञ्जनको छटपटी भने अझै रोकिएको छैन । उनी च्याकहरूमा नआइपुगेका पुस्तकका सूचीहरू तयार पारिरहेका भेटिन्छन् । पुस्तकालयका सहकर्मीहरू इन्द्र तामाङ र लक्ष्मी रुम्बालगायत साथीहरूसँग बसेर आफ्ना योजना अझै बताइरहन्छन् । उनको सक्रियता हेर्दा लाग्छ, उनी सीमान्त तामाङ जातिको सम्पूर्ण ग्रन्थहरू एकै ठाउँमा जम्मा पार्न चाहन्छन्, ताकि भावी पुस्ता आफ्नो पुस्ता जस्तो भौंतारिन नपरोस् । उनी भन्छन्, 'काम अझै धेरै गर्नु छ । यो त सुरुवात मात्रै हो ।'

सहरमा दृष्टिविहीनहरूले पढ्ने पुस्तकालय पनि छ भनेर धेरैलाई थाहा नहुन सक्छ । तर, त्रिपुरेश्वरको राष्ट्रिय ब्रेल पुस्तकालय स्थापना भएको १५ वर्ष बितिसक्यो । नेपाल दृष्टिविहीन कल्याण संघले सञ्चालनमा ल्याएको पुस्तकालयमा अहिले दैनिक दुई-चारजना मात्रै दृष्टिविहीन पाठक आउने गरेका छन् । पुस्तकालय प्रमुख अम्बिका श्रेष्ठका अनुसार यहाँ २२ हजार पुस्तक छन् । सुरुवाती दिनमा दृष्टिविहीनको राम्रै उपस्थिति हुन्थ्यो । तर, पछिल्लो समय भने पाठकको संख्यामा कमी आएको श्रेष्ठको भनाइ छ ।

यसकारण आवश्यक छ पुस्तकालय

अमेरिकी समाजशास्त्री एरिक क्लिनबर्ग भन्छन्, 'पुस्तकालय सामाजिक पूर्वाधार हो, जसले लेखपढ संस्कृतिलाई बढावा मात्र दिँदैन, सामाजिक रूपमा घुलमिल हुने र बहस गर्नसमेत सघाउ पुऱ्याउँछ । पुस्तकालयमा विषयगत अन्तर्क्रिया हुन्छ । किताबसँगै विचार साटिन्छ ।' नेपालमा भने सामाजिक पूर्वाधारको रूपमै पुस्तकालयलाई लिएको अझै देखिन्न । समाजमा विविध विषयका पुस्तकालय सञ्चालन भएपछि नै सामाजिक पूर्वाधार बन्ने हो । तर, पुस्तकालय निर्माणमा अझै चासो कम देखिन्छ । तामाङ पुस्तकालयका अध्यक्ष योञ्जनले आफ्नो निजी तीन दराज पुस्तक पुस्तकालयलाई हस्तान्तरण गरेर पुस्तकालय निर्माणमा जुटेका थिए । 'तामाङ किताबहरू यति छरिए कि पाउन गाह्रो भयो । अभिलेख कहीं कतै भएन । व्यक्तिगत रूपमा मसँग, मुक्ताजीसँग (मानवशास्त्री डा. मुक्तसिंह लामा) र केही गणेश दाई (पूर्वराजदूत गणेश योञ्जन)सँग होला । तर, देखिने ठाउँमा भएन । त्यसैले त्यस्ता पुस्तकको अभिलेखका लागि पुस्तकालय सुरु गरेका हौं,' अध्यक्ष योञ्जन भन्छन्, 'पाठक आउँछन् कि आउँदैनन्, पुस्तक पढ्छन् कि पढ्दैनन्, अहिले हाम्रो चासो र चिन्ता होइन । पुस्तक एक ठाउँमा हुनुपऱ्यो । खोज्न आउने पाठक, अनुसन्धानकर्तालाई देखाउन सक्नुपऱ्यो । होइन भने पुस्तक, अभिलेख छरपस्ट हुने भयो । हराउने भयो ।' उनको विचारमा पुस्तक र अभिलेख हराउनु भनेको इतिहास हराउनु हो ।

'धादिङको एकजना दाइले तीन किताब लेख्नुभएको रहेछ । उहाँले त्यो किताब पुस्तकालयमा लिएर आउनुभयो र पटक-पटक पुस्तकालयलाई ढोम्नुभयो । किन भनेको त अब मेरो किताब बाँच्ने भयो । म बाँच्ने भयो भन्नुभयो,' एक गुमनाम तामाङ लेखकलाई पुस्तकालयले दिएको असाधारण खुसीबारे उनले सम्झिए । एक वर्षमा पुस्तकालयले मारेको फड्को देखेर योञ्जनसहितको टिमले अर्को एक वर्ष होइन, आगामी २० वर्षसम्मको उद्देश्यको खाका तयार पारिसकेको छ । उनीहरूका अनुसार २० वर्षको लक्ष्य बोकेर हिँडेको पुस्तकालयले तामाङ इतिहास खोतल्न भरमग्दुर प्रयास गर्नेछ । पुस्तकालयले २० वर्षे (०२२ देखि ०४२) दीर्घकालीन, पाँच वर्षीय कार्ययोजना (०२२ देखि ०२६) समेत तयार पारेको छ । भविष्यमा इ-पुस्तकालयको अवधारणासमेत अघि सारेको छ । तर, आर्थिक अभाव उनीहरूको समस्या बनेर खडा भएको छ । 'करिब १० वर्षअघि नै हामीले तामाङ इ-लाइब्रेरी खोलिसकेका छौं । हामीसँग त्यो अनुभव छ । हामीसँग त्यो प्रविधि छ,' योञ्जनले भने, 'कहिलेदेखि सुरु हुने भन्ने कुरा भन्न सकिने अवस्था छैन । यसका लागि आर्थिक अभाव नै प्रमुख समस्या हो । कसैले सुरु गर्नुस् । हामी सहयोग गर्छौं भन्नुभयो भने केही महिनाभित्र सुरु गर्न सक्ने अवस्थामा छौं ।' उनले आफूहरूलाई सहयोग गर्ने हात बढे केही समयपछि आ-आफ्नो मोबाइलमा पुस्तकालय हेर्न सकिने बताउँछन् । पुस्तकालयमा तामाङ भाषामा, तामाङबारे र तामाङद्वारा लेखिएको पुस्तक, पुस्तिका, पत्रपत्रिका, जर्नल, प्रतिवेदन, शोध, अभिलेख, श्रव्य र दृश्य सामग्री, आदिवासी अध्ययन, नेपाल तथा विश्व अध्ययन, लोकवार्ता, भाषा र भाषा विज्ञान, राजनीतिजस्ता विषयका किताब संकलन हुनेछन् । ऐन-कानुन र नीति-नियम, अर्थतन्त्र, बन्द व्यापार तथा व्यवसाय, सञ्चार र मिडिया अध्ययन, शिक्षा, स्वास्थ्य, कृषि, वातावरण, अपांगमैत्री ग्रन्थजस्ता विषय संकलन हुनेछन् ।

जुनकिरी पुस्तकालयले भने त्यति लामो खाका बनाएको छैन । गैरसरकारी संस्थाबाट सञ्चालित जुनकिरीले आउने वर्षमा स्थानीय सरकारसँग मिलेर काम गर्नेछ । 'हामीले नयाँ पुस्तासँग काम गर्दा प्राविधिक तालिम दियौं । तर, उनीहरूको ज्ञानसँग पहुँच भएन । त्यसैले त्यो सुविधा हामीले नै किन नदिने भनेर पुस्तकालय सुरु गरेका हौं । पुस्तकालयलाई लामो समयसम्म टिकाउन पनि स्थानीय सरकारसँग हातेमालो गरेर अगाढि बढ्छौं,' कार्यकारी निर्देशक पन्तले भनिन् । उनका अनुसार जुनकिरी पुस्तकालयमा युवाहरूले धेरै विषयमा पुस्तक पढ्न पाउनेछन् । 'पुस्तकालय भनेको किताब पढ्ने ठाउँ मात्र होइन, युवा पुस्ताका लागि सुरक्षित स्थल पनि हो । त्यहाँको शान्त वातावरणमा ज्ञान आर्जन गर्दा व्यक्तित्व वृत्ति र विकासमा सघाउ पुऱ्याउँछ,' पन्त भन्छिन्, 'पुस्तकालय सञ्चालनमा ल्याउनु राज्यको दायित्व हो । नागरिकको समग्र विकासका लागि सार्वजनिक पुस्तकालय बनाउनुपर्‍यो । राज्यको दायित्व बाटो बनाउने मात्र होइन । ज्ञान अभिवृद्धिका लागि पुस्तकालय खोल्नु पनि हो । र, पुस्तकालय काठमाडौंमा मात्र होइन, नेपालभर नै हुनुपर्छ ।'

> पुस्तकालयविद् इन्दिरा दली भन्छिन्- पुस्तकालयले मानिसलाई सामाजिक रूपमा घुलमिल हुन मद्दत गर्छ । एक-अर्कोमा सम्मान बढाउँछ । विचार आदान-प्रदान गर्न सहयोग गर्छ । तर, इ-पुस्तकालयको अवधारणा ठीक भए पनि मानवीय सम्बन्ध धराशयी बनाउँदै लैजान्छ । सामाजिक सम्बन्ध बिग्रिएर जान्छ । मान्छे एक्लो हुन्छ ।

लोकतान्त्रिक मुलुकका लागि पुस्तकालय अत्यन्तै आवश्यक रहेको विज्ञहरूको भनाइ छ । डिल्लीरमण रेग्मी पुस्तकालयका पूर्वपुस्तकालय प्रमुख भोलाकुमार श्रेष्ठ व्यक्तिलाई समाजमा सक्षम बनाउन पुस्तकालयको महत्त्व धेरै भएको बताउँछन् । 'पुस्तकालय भनेको लोकतन्त्रको जग हो । यसले लोकतन्त्र मजबुत बनाउन सहयोग गर्छ,' पूर्वप्रमुख श्रेष्ठ भन्छन्, 'व्यक्तिलाई समाजमा सक्रिय बनाउन पुस्तकालयको महत्त्वपूर्ण भूमिका हुन्छ ।' उनले भनेजस्तै समुदायको सक्रिय सहभागितामा तीनै तहको सरकारको तर्फबाट सहयोग भएमा मात्र पुस्तकालय सञ्चालन, प्रवर्द्धन र पुस्तकालयप्रति आममानिसलाई जागरुक बनाउन सकिन्छ । पछिल्लो समय तीनै तहको सरकार पुस्तकालय सञ्चालन र प्रवर्द्धनतर्फ छिटफुट लागेको देखिन्छ । पुस्तकालयमा ३६ वर्ष बिताएकी पुस्तकालयविद् इन्दिरा दलीसँग भने आफ्नै पहलमा सानेपामा सुरु गरेको सामुदायिक बाल पुस्तकालय बन्द भएको तीतो अनुभव छ । हाल उनले पुस्तकालयमा भएको करिब पाँच हजार पुस्तक नेपाल राष्ट्रिय पुस्तकालयअन्तर्गत बाल शाखालाई हस्तान्तरण गरेकी छिन् । बालबालिकामा केन्द्रित उक्त पुस्तकालयमा मजदुरी गरेर गुजारा गर्नेहरूका छोराछोरी पढ्न आउँथे । दैनिक करिब ५० जनासम्म बालबालिका पुस्तकालय पुग्थे । उक्त पुस्तकालय बन्द भएपछि त्यस क्षेत्रमा रहने मजदुरका छोराछोरीका लागि ज्ञान आर्जन गर्ने स्थल खट्केको छ । स्थानीय सरकारले यसबारे उचित ध्यान नदिएको दली बताउँछिन् । 'मैले बल्लबल्ल सुरु गरेको पुस्तकालयमा सार्वजनिक बिदाका दिन खुबै बच्चाहरू आउँथे, पढ्थे, रमाइलो गर्थे । तर, मैले त्यो पुस्तकालय चलाउन भाडा तिरिरहन सकिनँ । वडालाई भन्दा वास्ता गरेन । यो क्षेत्रबाट जितेका सांसदलाई भन्दा डिजिटल पुस्तकालयबारे प्रवचन दिए,' उनले आफ्ना दुःख पोखिन् । जापानको ओसाकामा एक महिना मोबाइल पुस्तकालयमा समेत काम गरेकी उनले ओसाकामा सन् १९८३ ताका नै प्रत्येक १० मिनेट अन्तरमा एक पुस्तकालय भएको तैपनि उनीहरू अझै आफूलाई अमेरिकाभन्दा ५० वर्ष पछि रहेको बताउने गरेको अनुभव साटिन् । पछिल्लो समय डिजिटल पुस्तकालयबारे कुरा भए पनि त्यहाँ हाम्रा रैथाने ज्ञान अभिलेख हुँदैनन् । त्यसकारण पुस्तकालय नै जानुपर्ने उनको भनाइ छ । 'इ-लाइब्रेरीमा पाउन त धेरै कुरा पाइन्छ । तर, इन्डिजिनियस ज्ञान, जो अभिलेख भएका छैनन्, त्यो सबै पाउन सकिँदैन । पुस्तकालयले समुदायका विभिन्न जात, धर्म, भाषाका मानिसबीच अन्तर्क्रिया गराउन सघाउ पुऱ्याउँछ । मानिसलाई सामाजिक रूपमा घुलमिल हुन मद्दत गर्छ । एकअर्कोमा सम्मान हुन्छ । किताब साटिन्छ । विचार आदानप्रदान गर्न सहयोग गर्छ,' दली भन्छिन्, 'इ-पुस्तकालयको अवधारणा ठीक भए पनि मानवीय सम्बन्ध धराशयी हुँदै जान्छ । सामाजिक सम्बन्ध बिग्रिएर जान्छ । मान्छे एक्लो हुन्छ ।'

पुस्तकालयले सचेत नागरिक निर्माणमा सकारात्मक भूमिका खेल्न सक्ने भन्दै मानवशास्त्री जनक राई स्थानीय तहले भौतिक विकासका काम मात्र होइन, पुस्तकालय निर्माणमा पनि नेतृत्वदायी भूमिका निभाउनुपर्ने बताउँछन् । 'पुस्तकालयमा किताब, लेख, रचना, पत्रिका पढ्न त सक्छौं नै । पुस्तकालयलाई ज्ञान वृद्धि, सही सूचना दिने ठाउँको रूपमा विकास गर्न सक्छौं । त्यसैले सार्वजनिक, सामुदायिक पुस्तकालय चलाउन बहस हुनुपऱ्यो,' उनी भन्छन्, 'स्थानीय तहका जनप्रतिनिधिले जसरी बाटो बनाउने, पुल, पुलेसा निर्माणका काम गरिरहनुभएको छ, त्यसैगरी पुस्तकालय निर्माणमा पनि नेतृत्वदायी भूमिका रह्यो भने पाठन संस्कृति बढ्छ ।' विभिन्न ठाउँमा सांस्कृतिक, भाषिक समुदायले आ-आफ्नो संग्रहालय, पुस्तकालय बनाउन सुरु गरे पनि जनचासोको विषयमा पुस्तकालय नपर्नु ठूलो चिन्ताको विषय भएको उनी बताउँछन् ।

पुस्तकालयविहीन कर्णालीका धेरै जिल्ला

अहिलेसम्म खुलेका अधिकांश पुस्तकालय काठमाडौं केन्द्रित छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत पुस्तकालय समन्वय शाखाका प्रमुख यादवचन्द्र निरौलाका अनुसार काठमाडौं उपत्यकामा जम्माजम्मी ८२ सार्वजनिक र सामुदायिक पुस्तकालय छन्, जसमध्ये धेरै पुस्तकालय सञ्चालनमा छन् । केही आंशिक रूपमा मात्र सञ्चालन छन् । केही बन्दसमेत भएका छन् । केही थपिने क्रममा पनि छन् ।

काठमाडौंको पुस्तकालयका संख्या अझै थपिने क्रम रहँदा कर्णाली प्रदेशका धेरै जिल्ला भने पुस्तकालयविहीन छन् । १० जिल्ला भएको कर्णालीका सुर्खेत, सल्यान, दैलेख, जाजरकोटबाहेक हुम्ला, मुगु, जुम्ला, डोल्पा, कालिकोट, रुकुम पश्चिम पुस्तकालयविहीन छन् । मन्त्रालयको अनुसार जिल्ला प्रशासन, जिल्ला शिक्षा कार्यालय, प्रदेश र स्थानीय तहमा दर्ता भएका सामुदायिक र सार्वजनिक पुस्तकालयको संख्या ९२९ छन् ।

मन्त्रालयले रिड नेपाल र शान्ति भोलुन्टियर एसोसिएसनको सहयोगमा गतवर्ष गरेको सर्वेअनुसार ९२९ पुस्तकालयमध्ये करिब ३२७ पुस्तकालय मात्र सञ्चालनमा छन् । प्रमुख निरौलाका अनुसार २००७ सालदेखि ०२० सम्म पुस्तकालय खोल्ने लहर चले पनि सरकारी क्षेत्रबाट सहयोग नजाने भएपछि धेरै पुस्तकालय बन्द भएका छन् । 'हामीले जुन खालको तथ्यांकसार्वजनिक गरेका छौं, तीमध्ये आधाभन्दा धेरै पुस्तकालय बन्द भएका छन् । भएका कतिपय पनि राम्रोसँग सञ्चालन हुन सकेको छैन । यसको प्रमुख कारण पुस्तकालय आर्थिक अभावबाट गुज्रिनु हो,' उनले भने । देश संघीयतामा गएसँगै पुस्तकालय स्थापनाको जिम्मेवारी प्रदेश र स्थानीय तहको हो । सोहीअनुसार केही प्रदेश र स्थानीय तहले कामसमेत गरिरहेका छन् । 'हामीले पनि ७५३ वटै स्थानीय तहमा नमुना पुस्तकालय निर्माण गर्ने र त्यसपछि ६ हजार ७४३ वटै वडामा पुस्तकालय निर्माण गर्ने योजना बनाएका थियौं । तर, सार्वजनिक र सामुदायिक पुस्तकालय निर्माणको जिम्मा प्रदेश र स्थानीय तहलाई पुगेपछि हामीले उहाँहरूको अधिकार क्षेत्र हस्तक्षेप गर्ने कुरा पनि भएन । त्यसैले हामीकहाँ नीतिगत काम कुरा, सल्लाह, सुझाब लिन आउने स्थानीय तहलाई सोहीअनुसार सुझाब दिन्छौं । त्योबाहेक यस्तो गर्नू, उस्तो गर्नू भनेर हस्तक्षेप गर्दैनौं,' निरौला भन्छन्, 'पछिल्लो समय प्रदेश र स्थानीय तहले पनि पुस्तकालय निर्माणका लागि बजेट छुट्याउने, नीति तथा कार्यक्रममै पुस्तकालय निर्माणलाई प्राथमिकता दिने काम गर्नुभएको छ । त्यसैले पुस्तकालय खुल्छन्, खुल्दै छन् ।'

नेपाल नगरपालिका संघका अध्यक्ष तथा नीलकण्ठ नगरपालिका प्रमुख भीमप्रसाद ढुंगाना धेरै स्थानीय तहले पुस्तकालयलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउँछन् । उनले आफ्नो नगरपालिकाले नै पुस्तकालय स्थापना नगरे पनि पुस्तकालयलाई सहयोग गरिरहेको बताए । 'हामीले दबाब दिन मिल्दैन । तर, धेरै पालिकाले आफ्नो तहबाट आवश्यकताअनुसार काम गरिरहनुभएको छ,' ढुंगाना भन्छन्, 'हाम्रो नगरपालिकाले पनि पुस्तकालय नै भनेर स्थापना गरेको छैन । तर, पुस्तकालयको भवन बनाउन भनेर वार्षिक बजेटमै व्यवस्था गरेको छु ।'

ग्रामीण पर्यटनका दुई 'क्रस-बोर्डर' अभियन्ता

नेपालका अर्जुन कार्की र भारत सिलिगुडीका राज वसु दुवै देशको ग्रामीण पर्यटन विकासका लागि अहोरात्र जुटिरहेका छन् ।



अर्जुन कार्की



राज वसु



गणेश लम्साल
gl3630019@gmail.com

पर्यटन

ग्रामीण पर्यटन र वातावरणमा विद्यावारिधि (पिएचडी) गरेर भारत सरकारको उच्च तहको जागिर खाइरहेका राज वसु (६०) अनि नेपाली सेनाको जागिर छाडेर चियाखेतीमा सहभागी भएर पर्यटनको विकासमा लागिपरेका झापा बाहुनडाँगीका अर्जुन कार्की (५३) दुवैको राष्ट्रियता र जाति अलग हो । वसु भारतीय बंगाली मूलका हुन् र पश्चिम बंगालको दार्जिलिङ जिल्लास्थित सिलिगुडीमा बस्छन् । अर्जुन नेपालका खसआर्य मूलका हुन् र झापाको मेचीनगर नपा ४ बाहुनडाँगीमा बस्छन् । वसु वातावरणविज्ञ हुन् भने कार्की काँकडभिट्टा नगरपालिकाको वडाध्यक्ष । भाषा दुवैको फरक छ । तर, पनि उनीहरूबीचमा एउटा समानता छ, त्यो हो- ग्रामीण पर्यटनको विकासमा नेपाल र भारतमा बोर्डर हुँनुहुँदैन अनि मात्र दुवै देशको पर्यटन व्यवसाय फस्टाउन सक्छ ।

वसु र कार्की दुवै सादा जीवनका धनी छन् । अझ वसु त करोडपतिका छोरा भए पनि आफूलाई पूरै सर्वहाराकरण गरेर जीवन जिउने अभियानमा लागेका छन् । तडकभडकबाट उनी परै भाग्छन् । खुट्टामा सधैँ चप्पल मात्र लगाउँछन् । खासी र सुतीका सामान्य पोसाक उनको पहिरन हो । यता मध्यमवर्गीय परिवारका अर्जुनले बाहुनडाँगीमा १० बिघा पाखोबारीमा चियाखेती गरेका छन् । र, त्यही उनले मरिचको खेती पनि थालेका छन् । हात्ती आतंकले आजित बनाएको बाहुनडाँगीमा 'हात्तीपोलो' रेस्टुरेन्ट सञ्चालन गरेर हात्ती हेर्ने पर्यटकलाई प्रोत्साहन गर्न सफल भएका उनी निरन्तर पूर्वी नेपालको ग्रामीण पर्यटनका लागि सक्रिय छन् । उनकै कारण आजकाल बाहुनडाँगीमा हात्ती अवलोकन गर्ने पर्यटन पनि बढ्न थालेका छन् । यसैले त अर्जुनको पर्यटन प्रवर्द्धनको दायरा बढेर इन्डो-नेपाल नेटवर्कमा रहेको 'एसोसिएसन फर कन्जरभेसन एन्ड टुरिजम'को महासचिवसम्म पुगेको छ । यो फोरमले हाल पूर्वी नेपाल र पूर्वोत्तर भारतको ग्रामीण पर्यटनको विकासका लागि साझा धारणा तयार गर्न निरन्तर वकालत गरिरहेको छ ।

> विज्ञ तर फकिर स्वभावका वसुले चाहेको भए सानले सरकारी जागिर खाएर अनि आफ्नै व्यवसाय चलाएर नामी र दामी जीवन गुजार्न सक्थे । तर, उनले त्यो बाटो रोजेनन् । बरु ग्रामीण पर्यटनको विकासका लागि सधैँ फकिरझैँ घुमन्ते बने । यता नेपाली सेनाबाट बढुवा भई पेन्सन लिएर आरामको जीवन गुजार्न सक्ने भए पनि अर्जुनले लोभ गरेनन् ।

उता पढेर विज्ञ बनिसकेका वसुले पनि आफ्नो सबै काम पत्नीलाई जिम्मा लगाएर आफू दत्तचित्त भई ग्रामीण पर्यटनको सेवामा लगाएका छन् । उनकी पत्नी सिलिगुडीमा निजी स्कुल चलाउँछिन् र एउटा पर्यटकीय होटेल पनि सञ्चालन गर्छिन् । विज्ञ वसुचाहिँ पश्चिम बंगाल, सिक्किम, असम, भुटान, बंगलादेश र नेपालका विभिन्न क्षेत्रका ग्रामीण पर्यटकीय क्षेत्र भ्रमण गरेर अध्यन अनुसन्धान गर्नमै व्यस्त हुन्छन् । नेपालमा भएका धेरै राष्ट्रिय महत्त्वका महोत्सव र गोष्ठीमा उनले सहभागिता जनाइसकेका छन् । प्रदेश र पालिका सरकारहरूलाई ग्रामीण पर्यटनको प्रवर्द्धनबारे उनले सुझाव पनि दिने गरेका छन् ।

वसु र अर्जुन पूर्वी नेपाल र पूर्वोत्तर भारतको ग्रामीण पर्यटनको विकासका लागि निर्माण गरिएको इन्डो-नेपाल ग्रामीण पर्यटन सञ्जालमा सँगै आबद्ध छन् । जसलाई 'एसोसिएसन अफ कन्भर्जर्भेसन एन्ड टुरिजम' नाम दिइएको छ । वसु संयोजक छन् भने अर्जुन महासचिव । यो सञ्जालमा अरू पद छैनन् । उक्त सञ्जालको काम नेपाल र भारतको ग्रामीण पर्यटनको विकासका लागि आपसमा सहजता प्रदान गर्नु, अन्तर्क्रिया कार्यक्रम सञ्चालन गराउनु, आपसी अनुभव आदान-प्रदान गर्नु र दुवै देशको ग्रामीण पर्यटनको विकासका लागि वकालत गर्नु हो ।

विज्ञ तर फकिर स्वभावका वसुले चाहेको भए शानले सरकारी जागिर खाएर अनि आफ्नै व्यवसाय चलाएर नामी र दामी जीवन गुजार्न सक्थे । तर, उनले त्यो बाटो रोजेनन् । बरु ग्रामीण पर्यटनको विकासका लागि सधैँ फकिरझैँ घुमन्ते बने । यता नेपाली सेनाबाट बढुवा भई पेन्सन लिएर आरामको जीवन गुजार्न सक्ने भए पनि अर्जुनले लोभ गरेनन् । सितेरियो करातेका नाम चलेका प्रशिक्षक अर्जुनले ग्रामीण पर्यटनको सेवालाई नै आफ्नो लक्ष्य बनाए । हात्ती प्रभावित ग्रामीण क्षेत्रमा व्यावसायिक कृषिखेती र ग्रामीण पर्यटनमै आफ्नो जीवन अर्पण गरे । जसको लाभ उनले अब ग्रामीण पर्यटनको अगुवा अभियन्ताको नामबाट पाउन थालिसकेका छन् । पहिले त अर्जुन प्रकृति संरक्षण समाजको अध्यक्ष भएर आठ वर्ष हिँडे । त्यसपछि पढेका युवाहरूलाई गाउँमै आकर्षित गर्नुपर्छ भन्ने अभियानले उनी ग्रिन जेनेरेसन झापा नामको संस्थापक अध्यक्ष पनि बने ।

अर्जुन बाहुनडाँगीको पहिलो चिया कृषक पनि हुन् । उनले जोखिम मोल्नुभन्दा पहिले बाहुनडाँगीको आमडाँगी क्षेत्रमा चिया कृषक नै थिएनन् । जब उनी सफल भए तब अहिले चियाखेती गर्ने साना कृषकहरू बाहुनडाँगीमा ह्वात्तै बढेका छन् । अर्जुन तिनै व्यक्ति हुन् जसले हात्तीले सुपारीखेती नष्ट गर्न थालेपछि विकल्पमा तेजपत्ताको खेती गर्न थालेका थिए । जसले गर्दा आजकाल वार्षिक लाखौँको तेजपत्ता भारत निर्यात हुन्छ । अर्कोतिर, मरिच र कागतीको खेतीलाई पनि उनले बढवा दिइरहेका छन् । अर्जुनकै कारण कञ्चनजंघा ल्यान्डस्केपमा झापाको बाहुनडाँडी, शनिश्चरे, बुधबारे क्षेत्र पर्न सफल भएको छ । उनकै प्रयासले बाहुनडाँगीको सलकपुर क्षेत्रमा पहाडी प्राकृतिक दृश्य र खेती अवलोकन गर्नेहरूका लागि होमस्टे सञ्चालन भइरहेका छन् ।

प्राचीनकालदेखि नै थियो पर्यटन

जानकारहरूका अनुसार प्राचीनकालमा नेपाल र भारतमा कुनै बोर्डर थिएन । हिमालय क्षेत्रमा धेरै गुरुकुल थिए । दुवै देशका मानिसहरू आवतजावत गरेर शिक्षा लिने गर्दथे । नेपाल भारतको उच्च पहाडी क्षेत्रबाटै हो त्यसवेला मानिसहरू हात्ती-घोडामा आवतजावत गर्ने गर्दथे । जसले गर्दा संस्कृतिले विस्तार हुने मौका पायो । पर्यटन अभियन्ता वसु त्यही सौहार्द्रतालाई फर्काउन चाहन्छन् । जुन ग्रामीण पर्यटनको विकासबाट मात्र सम्भव छ । वसु भन्छन्, 'गुराँस, हात्ती, हिमालय, चरा, सँस्कृति र ट्रेकिङ पूर्वी नेपाल र पूर्वोत्तर भारतको ग्रामीण पर्यटनका साझा फ्याक्टर हुन् यसलाई साझा रूपले बिक्री गर्न सक्नुपर्छ ।'

अर्जुन र वसुको भनाइ छ- पर्यटनमा बोर्डर हुनुहुँदैन । अनि मात्र फस्टाउँछ । यसको अर्थ राष्ट्रको सिमाना हुनुहुँदैन भनिएको होइन । अर्थ हो, दुवै देशको ग्रामीण क्षेत्रमा खासखास समानता छन्, यसैले साझा कुरा पत्ता लगाएर आपसमा सहयोग आदानप्रदान गर्नु हो । जस्तो पूर्वी नेपालको हात्ती समस्या भारतको पश्चिम बंगाल र असामको पनि समस्या हो । पूर्वी नेपालको भाषा, संस्कृति र परम्परात, सिक्किम बंगाल र असामको पनि संस्कृति हो । पर्यटनमा धेरै समानता भए पनि साझा धारणा बन्न नसक्दा धेरै सम्पदा र संस्कृति लोप भएर गइरहेका छन् । यसैले त्यसलाई जोगाउन सके मात्र ग्रामीण पर्यटनको विकास हुनेछ ।

अर्कोतिर, समस्यालाई पनि पर्यटनका रूपमा विकास गर्न सकिन्छ । यसैले अर्जुनले हात्ती हेर्नका लागि बाहुनडाँगीमा हात्ती रिसोर्ट खोलेका हुन् । जब गैँडा र गोही हेर्नकै लागि लाखौँ पर्यटक नेपाल आउन सक्छन् भने हात्ती हेर्न किन आउन सक्दैनन् ? यस्तै, नेपालमा बसोवास गर्ने आदिवासी जनजाति र भारतको सिक्किम, पश्चिम बंगाल र असाममा बस्ने आदिवासी जनजातिहरूको भाषा र संस्कृतिको अध्ययन गर्न अनुसन्धानकर्ता किन आउन सक्दैनन् ? वसु र अर्जुनको दाबी छ- सही सूचना प्रवाह गर्न सके नेपाल र भारतको ग्रामीण पर्यटनको विकासका लागि सम्भावनै सम्भावना छ । त्यसका लागि दुवै देशले निसंकोच सहकार्य गर्नुपर्छ ।

ग्रामीण पर्यटनका लागि होमस्टेलाई प्रवर्द्धन गर्नुपर्नेमा वसु र अर्जुनको जोड छ । ग्रामीण क्षेत्रमा लाखौँ-करोडौँ खर्चेर होटेल रिसोर्ट सञ्चालन गर्न पनि गाह्रो हुने र गरे पनि मुनाफा पाउने गरी सञ्चालन गर्न सम्भव हुँदैन । यसैले पर्यटकलाई सहज रूपमा सस्तो र दिगो बसोवासका लागि होमस्टे प्रभावकारी हुनेछ । उनीहरूका अनुसार होमस्टेमा बस्दा स्थानीयको संगतबाट बढीभन्दा बढी सूचना पाउन सकिने भएकाले आफ्नो अध्ययन-अनुसन्धानमा धेरै फाइदा पनि हुन्छ ।

पूर्वी नेपाल र पश्चिम सिक्किममा विश्वमै चिनिएको फूल लालीगुराँस पाइन्छ । याक र चौँरी पनि हुन्छन् । खानपान र रहनसहन पनि एकै किसिमको छ । ट्रेकिङको साझा रुट पनि छ । किनभने कञ्चनजंघा हिमाल नेपाल-भारत दुवैतिर पर्छ । हात्ती समस्या दुवै देशमा छ । चरा र चिया दुवै देशका सम्पत्ति हुन् । अलैँची दुवै देशमा उत्पादन हुन्छ । भाषा, संस्कृति र रहनसहनमा धेरै समानता छ । यति धेरै साझा फ्याक्टर भएपछि किन पर्यटनमा सहकार्य नगर्ने ? अर्कोतिर, नेपाल र भारतमा पर्यटनका लागि खासै बाधा छैन । मुद्रा, आवागमनदेखि भाषा र संस्कृति अनि खानपानमा पनि समस्या छैन । यसैले यसलाई बढवा दिनसकेमा नेपाल र भारतको ग्रामीण पर्यटनमा तेस्रो मुलुकबाट पर्यटन बोलाइरहनु नपर्ने उनीहरूको भनाइ छ । वसु भन्छन्,' घुम्नकालागि सिमला र नैनीताल जाने बिहारीहरू नेपालका पूर्वी पहाडी जिल्लाहरूमा किन नजाने ? अनि नेपालीहरू बंगाल र सिक्किमका रमणीयस्थलमा किन नपुग्ने ?'


संकीर्णता ग्रामीण पर्यटनको बाधक

ग्रामीण पर्यटन फस्टाउन नसक्नुमा दुवै देशका संकीर्ण सोचलाई उनीहरू दोष दिन्छन् । नेपालमा पोखरा, चितवन र लुम्बिनी मात्र पर्यटकीयस्थल हुन् भन्ने प्रचार गरेर लगानी गरिएको छ । तर, त्यो सही होइन । लगानी गरेमा पूर्वी नेपालको तीनजुरे मिल्के जलजले, मकालु, कञ्चनजंघा, सन्दकपुर, पाथीभरा सबै विशेष पर्यटकीय क्षेत्र हुन् । यस्तै, सिक्किमको देन्ताम, नाम्ची, गान्तोक पनि पर्यटकीय क्षेत्र हुन् । बंगालको कालिम्पोङ, दार्जिलिङ पनि पर्यटकीय क्षेत्र हुन् । तर, पर्यटनको विकास सहर होइन गाउँकेन्द्रित हुनुपर्छ । यसो भएमा ग्रामीण क्षेत्रको आयआर्जन बढ्ने र आर्थिक अवस्था पनि सबल हुने विश्वास उनीहरूको छ ।

स्वर्गको टुक्राजस्तै शैलुङ

सय थुम्काहरूको सुन्दर संगम शैलुङ निकै मनमोहक र आकर्षक देखिन्थ्यो







प्रेमराजा महत

यात्रा

हिमाल, पहाड तथा बादलका सुन्दर सतह र चिसो हावा । शैलुङ जाने जोकोहीलाई यी विशेषताले मोहित पार्छन् । चारैतिर देखिने हिमालहरूले भनै लोभ्याउँछ । स्वर्ग भन्ने शब्दलाई महसुस गर्न शैलुङ पुग्नैपर्नेरहेछ । सय थुम्काहरूको संगम शैलुङका यी विशेषतालाई प्रत्यक्ष नियाल्दा लाग्छ कि, स्वर्गको एक टुक्रा शैलुङ हो जहाँ हिमाल, पहाड तथा बादल एकापसमा लुकामारी गर्दै त्यहाँ पुग्ने पाहुनालाई नियालिरहेका छन् । यी सब दृश्य प्रत्यक्ष रूपमा मैले शैलुङबाट नियाल्न पाउनु निकै गर्वको विषय बन्यो ।

'स्पार्क कार'को टिमले केही दिनअघि मलाई शैलुङ यात्राका लागि प्रस्ताव गऱ्यो । स्पार्कको टिमले मलाई दोलखा र रामेछापको सिमानामा रहेको शैलुङमा पर्यटन प्रवर्द्धनका लागि 'वाइल्ड स्टे विथ चौँरी' कार्यक्रम राखेको जानकारी गराएको थियो । म व्यस्त नै थिएँ । तैपनि शैलुङ जाने कुरा धेरै सोच्नै परेन । पलभरमै मैले कार्यक्रममा सहभागी हुने निर्णय गरेँ ।

शैलुङमा जानु नै मेरा लागि निकै महत्त्वको कुरा थियो । म कामको सिलसिलामा मुलुकका विभिन्न ठाउँ घुमे पनि शैलुङ आउन भने अवसर मिलेको थिएन । तर, अवसर पर्खिएर बसेको मलाई स्पार्क एडभेन्चर नै अवसर बनेर आइदियो ।

हामी दुई सयजनाभन्दा बढीको शैलुङमा सँगै रमाइलो गर्ने कार्यक्रम रहेछ । त्यो भिडमा शैलुङमा म मात्र पहिलोपटक थिइनँ, अधिकांशको उपस्थिति पहिलोपटक नै थियो । म पनि पर्यटन प्रवर्द्धनका लागि विश्वव्यापी हिँड्ने नेपालीमध्ये एक हुँ । शैलुङ भनेपछि मलाई आउँआउँ लागिहाल्यो ।

अन्य सहभागीहरू कार्यक्रमको पहिलो दिन नै शैलुङ गएका थिए । कार्यव्यस्तताका कारण म भने दोस्रो दिन मात्रै सहभागी हुन सकेँ । मैले पहिलो दिनमा आएर अलिअलि प्राइभेट गफ गर्न छुटाएँ । त्यहाँ थुप्रै मेरा साथीहरू सहभागी थिए । उनीहरूसँग कुराकानी गर्ने अवसर कम मात्रै मिल्यो । खास कार्यक्रम दोस्रो दिन भएकाले मैले कार्यक्रम भेट्ने गरी गएको थिएँ । जसले गर्दा अघिल्लो रातको बसाइलाई मैले छुटाएका थिएँ ।

म दोस्रो दिन पुगेकाले उज्यालैमा त्यहाँ पुग्न पाएँ । खोलाखर्कदेखि उकालो सिँढीमा निकै बल गरेर पाइला सार्दासार्दै करिब ४० मिनेटजति हिँडेपछि शैलुङ पुगियो । मसँग प्रिय बहिनी एवं कलाकार रीना थापा मगर पनि सुस्तरीसुस्तरी उकालो चढ्दै थिइन् । हामी माथि पुगेपछि सबैभन्दा पहिला एकैपटक देखिएका आकर्षक थुम्काहरूले मोहित बनायो । मानिसले नै चट्ट मिलाएर बनाएजस्तो तर सबै प्राकृतिक, यति धेरै थुम्काको एकैपटक अवलोकन सायदै गरिएको थियो विगतमा । ती सबै थुम्कामा दुबो र घाँसको कार्पेट मिलाएर



एक नन्फिक्सनल कविताको 'भिड' सौन्दर्य

मौका मिले भुइँमान्छेलाई नै हेपुवा शासक कसले बनाउँछ ? कसले बनाउँछ भुइँमान्छेलाई खतरनाक शासकको प्रतिबिम्ब ? भुइँमान्छे आफैँ बन्छ ? कि भुइँमान्छेलाई खतरनाक बनाइन्छ ?



मनोज बोगटी
bogati1979@gmail.com

समीक्षा

८० को दशकको भिडमा छुट्टै राज्य गोर्खाल्यान्डको भाष्यले आवेग भऱ्यो । सबका सब जातिप्रेमी, माटोप्रेमी, मुद्दाप्रेमीका लागि त्यो उन्मादी भिड पहिलो अनुभव थियो । संवेदनशील क्षेत्रको उन्मादी लहरले के-के बनाउँछ, के-के बिगार्छ, न नेतृत्वलाई थाहा थियो, न केन्द्र, न राज्यलाई । यसैले दार्जिलिङे उन्मादले केन्द्र र राज्य दुवैको ध्यान तान्यो । तानिएको 'ध्यान'-सित 'डिल' गर्न सुवास घिसिङसित कुन रणनीति थियो ?

'दार्जिलिङ गोर्खा पार्वत्य परिषद्'को सम्झौताले स्पष्ट भनिदिन्छ- सुवास घिसिङसित रणनीति नै थिएन । यता घिसिङको राजनीति कठघरामा पऱ्यो, उता भिडनीतिमा पऱ्यो कुठराघात ।

राज्य र केन्द्रले जित्यो, गोर्खाल्यान्डको भाष्यले निर्माण गरेको भिड हाऱ्यो ।

कवि प्रणय शंकरको अवचेतनमा त्यही आन्दोलन, भिड र हार 'खिल' बन्यो । त्यही खिल कवितामा लेख्यो ।

असफल आन्दोलनमा गर्व गर्ने 'चेतना' राजनीतिक रोग हो । त्यही रोगले ग्रस्त समाजमा हुर्किबढेका तमाम प्रणय शंकरहरूको 'मनोविज्ञान'-माथि शोधअनुसन्धान गर्ने कुनै युनिभर्सिटी छैन । हुँदो हो, त्यो केस स्टडी गर्ने सबैभन्दा सुलभ काँचो पदार्थ बन्थ्यो- काँसभाँडा ।

हातमा रणनीति नभएको नेतृत्वलाई छुट्टै राज्य गोर्खाल्यान्डको मागका लागि चाहियो भिड । भिड बन्यो पहाड, तराई र डुवर्स । रणनीति थिएन, यसैले केन्द्र र राज्यसित भिड्न सकेन । भिड्न सकेन यसैले सम्झौता भयो । त्यसपछि आजसम्म भइरहेका हरेक सम्झौताले भिडलाई बिलखबन्दमा पाऱ्यो । त्यही बिलखबन्द भिडको एक सदस्य कवि बन्यो भने उसले कस्तो कविता लेख्छ ?

ऊ लेख्छ- दार्जिलिङ नामक नाटकको कथानक ।

अर्थात्- दार्ज इलिङ (बिमारी)-को ननफिक्सनल पोयट्री ।

प्रणयले पनि त्यही लेख्यो ।

काँसभाँडा पढ्दा प्रणय थ्योरी निस्किन्छ, जे देख्यो त्यो लेख्यो । यो प्रणय थ्योरीले सन्देह जन्माउँछ, आँखामाथि । त्यो आँखा कसको ? भुइँ मानिसको आँखा कि कविको आँखा ? विश्वसित भुइँ मानिसका आँखालाई अभिधा मानेर कविको आँखालाई लक्षणा मान्ने बौद्धिक परम्परा छ । यस मेसोबाट हेर्दा काँसभाँडा-का कवितीय बौद्धिकतालाई के मान्नु ? 'क्राउडेड इन्टेलेक्ट' वृत्ति ?


भुइँ मानिस र कवि, दृष्टि र दृष्टिकोण एकै होइनन् । यद्यपि प्रणय भन्छन्, काँसभाँडा भुइँमानिसका कविता हुन् । अथवा भुइँमानिसका 'मानस'-माथि लेखिएका कविता । त्यसरी लेखिएका भुइँ मानिस'का' कविता के भुइँमानिसका 'लागि' हुन् त ?

यसको उत्तर खोज्ने जिम्मा 'भिड'-लाई नै दिएँ । किन भने प्रणयको कविता अब भिडमा छ ।

लेखनाथ छेत्रीको उपन्यास 'फ्रुट्स एन्ड व्यारेन ट्री'-को विमर्शमा एउटा विषय थियो- हिंसा र स्मृति । कविताहरू त लेखिरहेकै हुन्, अहिले १९८० को हिंसा-माथि आख्यानहरू लेखिँदै छन् । हिंसाको 'मुड' स्मृतिमा 'दुरुस्तै' हुन्छ कि कालान्तरमा त्यो 'वायस' (पक्षपाती) रूपमा बस्छ ? वक्ताहरूले टल्सटोयको 'वार एन्ड पिस'को सन्दर्भ झिके । युद्धको १६ वर्षपछि जन्मिएका टोल्सटोयले युद्धको ४१ वर्षपछि लेखेको 'वार एन्ड पिस' कसरी मास्टरपिस ?

निष्कर्ष निस्कियो- लेखक पक्षपाती छैन भने कृति अमर हुने होला । त्यसो हो भने सवाल उठ्यो, लेखकको 'पक्षपात' वा 'तटस्थ' नाप्ने कसी के ? के साहित्यमा







बिच्छाएजस्तो आकर्षक दृश्य, त्यहाँको अर्को आकर्षण हो ।

यसपछि देखिएका आकर्षक हिमशृंखला, बादल उडेको दृश्य तथा भुइँकुहिरोले पनि केही 'नोस्टाल्जिक' बनायो । माथि पुगेको केही समयपछि त्यहाँको स्थानीय परिकार खाजाका रूपमा खाइयो । चौंरीको दूध, भुटेको मकै, आलुको तरकारी निकै स्वादिला थिए । यी परिकारले साँच्चै रैथाने भनेको यो पो हो त भन्ने आभास दिलाएको थियो । खाजापछि साथीहरूसँग भेटघाट र घुमघाम निकै नै अविस्मरणीय रह्यो ।

दिउँसो सांस्कृतिक कार्यक्रमको मज्जा लिइयो । पाँच घन्टाभन्दा बढी पैदल हिँडेर कार्यक्रममा सहभागी हुनका लागि स्थानीयहरू आएका थिए । यो आत्मीयताले मन भावुक बनायो । मेरा ४० वर्षअघि गाएको गीतहरूलाई पनि यहाँका नागरिकले सुनेको र मनपराएको देख्दा म भावुक बनें । 'सिमसिमे पानीमा', 'बाँझो खेतमा', 'पानको पात'लगायतका गीतमा गाउँ नै नाच्यो । को बालक, को युवा वा को वृद्ध सबै नाचेका थिए । जसले मलाई शैलुङको पर्यटन प्रवर्द्धन गर्नका लागि थप झकझकाएको छ ।

कार्यक्रमपछि साँझमा देखिएका सुर्यास्त र त्यसवेलाका सुनौला बादलहरूको संगमले मन लोभित बनायो । यस्तो लाग्थ्यो कि, बादलका प्रेमजोडी एकै समय एकटकले प्रेमालापमा बसिरहेका छन् । र, ती दृश्य हामीले हेरिरहेका छौं । रात बित्दै जाँदा चिसो निकै बढ्दै गएको थियो । हामी असोजमा शैलुङ पुग्यौं । पुस-माघको समयमा त हिउँले ढाकेर शैलुङ सेताम्मे देखिनेरहेछ । अब हिउँको समयमा पनि त्यहाँ पुगौं भन्ने सोच आइरहेको छ ।

गुम्बामा गुरुसँग वास बस्ने अवसर पनि पाएँ । मेरो साथी विजय लामा र मसँगै गुरुसँग बसेका थियौं । म अध्यात्म र प्रकृतिसँग अन्तर्घुलित हुने प्रकृतिको व्यक्ति । शैलुङमा धार्मिक हिसाबले सुरुमा बौद्धको गुम्बा र पछि भ्यु-टावर बनेपछि पर्यटकको आउजाउ राम्रो हुन थालेको देखें । अहिले हिन्दू मन्दिर पनि बन्दैरहेछ । त्यहाँ बुद्धिस्ट मात्र नभई हिन्दुहरूको पनि उत्तिकै बसोवास रहेछ । त्यहाँका प्रदेश सांसद युवराज चौलागाईंलगायतसँग कुरा भयो । उहाँहरू शैलुङमा पर्यटन प्रवर्द्धनका लागि अग्रसर भइरहेको थाहा पाउँदा खुसी लाग्यो ।

भोलिपल्ट सुनौलो सूर्य डाँडामाथिबाट झुल्किँदै गर्दा मन अझ खुलेर आयो । नेपालको पर्यटकीय हिसाबले सुन्दर स्थान रहेछ शैलुङ । यहाँ आउने जो कोही बेखुस हुनुपर्दैन । चौंरीको दूध, छुर्पीदेखि काउली, बन्दालगायत लोकल खानासँग भुल्न पाइयो । चौंरीको छुर्पी किनेर कोसेली पोको पार्ने ।

सय थुम्काहरूको सुन्दर संगम शैलुङ निकै मनमोहक र आकर्षक देखिन्थ्यो । मैले यहाँ आएर एउटा गीतका लागि थेगो बनाउन भ्याएँ । 'रमाइलो शैलुङ डाँडैमा, चौंरी हेर्ने मायालुको माया दिलको माझैमा...' भन्ने गीत लेख्नेछु । यस गीतलाई जीवन्त बनाउँदै शैलुङमा नै सुटिङ गराउने सोच आएको छ ।

शैलुङ घुम्दै गर्दा मैले निकै नै लोकप्रिय गीत माथिमाथि शैलुंगेमा चौंरी चराउनेलाई' गीतकी गायिका कुन्ति मोक्तानलाई पनि सम्झिएँ । कलाकारले कुनै पनि चिजलाई जीवन्त रूप दिन सक्दछ भन्ने उदाहरण उहाँ पनि हो । शैलुङ जान खास मन लागेको मोक्तानकै गीत सुनेर पनि हो । मैले गत वर्ष 'बन्दीपुरै'मा भन्ने गीत गाएँ । सो गीत रुचाएर पर्यटकहरू बन्दीपुर जान थाले । बन्दीपुरमा अहिले पर्यटकको संख्या पनि बढेको देखिन्छ ।

शैलुङ ठाउँ नै अनौंठो रहेछ । आएपछि आफूले केही नगरे पनि विपश्यनामा बसेजस्तो आभास हुन्छ । काठमाडौंको व्यस्त सहर, कोलाहल ठाउँबाट शैलुङ आउँदा निकै आनन्द लाग्नेरहेछ । यहाँबाट धेरैतिर हेर्न सकिने हुँदा थप मोहित भइन्छ । अन्य ठाउँमा जाँदा कसको फोन आयो, के म्यासेज आयो, कार्यक्रमका लागि कताबाट निम्ता आयोजस्ता विषयले ध्यान भुलाउँछन् । तर, यस ठाउँमा आएपछि यी सबै कुरा बिर्सिएर प्रकृतिसँग लीन भइन्छ । प्रकृतिको काखमा यसरी बस्नु साँच्चै स्वर्ग यही त हो हाम्रा लागि ।

शैलुङको पर्यटन विकासका लागि सडकको विकास गर्नुपर्ने रहेछ । यस्तै शैलुङमै पनि हेलिप्याड निर्माण गरिदिएमा सुरक्षित र रमणीय गन्तव्यस्थलको रूपमा शैलुङलाई अगाडि लैजान सकिन्छ ।

पक्षपात र तटस्थता हेर्ने कुनै साहित्यिक सिद्धान्त छ ?

'वार एन्ड पिस'को 'पक्षपात' वा 'तटस्थता'-को कुरा छोडौं, हाम्रोतिर अहिले साहित्यमा आइरहेको असीको दशकको हिंसालाई हेर्ने दृष्टिकोण विभाजित छन् कि छैनन् ? कुनै पनि आन्दोलन वा युद्धले समयलाई बोकाउने 'टूमा' साहित्यमा कसरी आउँछ ? लेखकहरू त्यो टूमाभित्र छन् कि बाहिर ? यसले डिस्कोर्स मागिरहेकै छ ।

काँसभाँडाको 'कुकुलढुकको घर' सिरिजका कवितामा कविको 'स्मृति' र 'वर्तमान' नितान्तै निरीह, अनुत्पादक र प्राप्तिहीन देखिन्छ । कविलाई सोध्न मन लाग्छ, तपाईंको भाषामा कसको कविता हो यो ? प्रणयथ्योरी 'जे देख्यो, त्यो लेख्यो'-लाई त बुझियो तर 'भविष्य'-को लागि गरेको आग्रह खै त ?

यहाँनेर उठ्ने सवाल होला, साहित्यको उपादेयता के त ?

आनन्द ?

साहित्य भनेकै प्रकृति हो । प्रकृति नै ज्ञानानुशासनको मुहान हो । यसैले प्रकृति धर्मको होस् वा राजनीतिको, विज्ञानको होस् वा प्रविधिको, दर्शनको होस् वा कलाको खोजको अथाह क्षेत्र हो । प्रकृतिको उपादेयता छ, कविताको नहोला त ?

सेक्सलाई लिऊँ, यसको उपादेयता आनन्द मात्र हो त ? पक्कै पनि होइन । साहित्यजस्तो कलासम्मत विचारानुशासनको उपादेयता नहोला त ? छ । यसो हो भने कवि प्रणयको विश्वास के हो त ?

देखेको लेख्नु र आनन्दित हुनु ?

काँसभाँडा-ले उठाएको सवाल यही हो ।

प्रणयलाई सोध्न मन लाग्छ, मौका मिले भुइँमान्छेलाई नै हेपुवा शासक कसले बनाउँछ ? कसले बनाउँछ भुइँमान्छेलाई खतरनाक शासकको प्रतिबिम्ब ? भुइँमान्छे आफैं बन्छ ? कि भुइँमान्छेलाई खतरनाक बनाइन्छ ? सायद असी र पछिल्ला असफल आन्दोलनले कविभित्र थोपेको 'टूमा'-मा यसको जवाफ छ । कविताभरि आन्दोलन, हिंसा र त्यसले निर्माण गरेका अन्तरविरोध छन् । अचाक्ली घृणा र विमति छन् । प्रणय पहाडलाई/'मृगलाई सर्पले गुजुल्टो कसेको' देख्छन् र भन्छन्-

सर्पले मृगलाई अलि-अलि सास लिनु दिन्छ
फेरि गुजुल्टो मारेर कस्छ
अलिकति सास छोड्नु दिन्छ
फेरि अझ जोडले कस्छ
यसरी बिस्तारै सर्पले सास थुनेर मार्छ ।
म झस्किएँ
र सम्झैं आफ्नै पहाड ।
००
अब पहाडले
सास ताने पनि मर्छ
सास छोडे पनि मर्छ ।

-प्रणय थ्योरी हो, सर्पबाट छुट्काराको उपाय नबताउनु । नीति शिक्षा नदिनु । किनभने कवि आफैं त्यो पहाड हो, जसलाई सर्पले कसेको छ । कवि आफैं मृग हो । र कविताचाहिँ



निष्कर्ष निस्कियो- लेखक पक्षपाती छैन भने कृति अमर हुने होला । त्यसो हो भने सवाल उठ्यो, लेखकको 'पक्षपात' वा 'तटस्थ' नाप्ने कसी के ? के साहित्यमा पक्षपात र तटस्थता हेर्ने कुनै साहित्यिक सिद्धान्त छ ?

सर्पले कसेर मारिसकेपछिको 'टूमा' वा असफलता आन्दोलनपछिको 'आफ्टरसक' ।

यसो हो भने कवि प्रणय शंकर छुट्टै राज्य गोर्खाल्यान्डलाई केन्द्रमा राखेर चलिरहेको राजनीति र असफल आन्दोलनमाथि कति तटस्थ ? कति पक्षपाती ?

रमाइलो कुरा के हो भने पहाडलाई कुन-कुन सर्पले कसरी-कसरी कस्दै छ, त्यसबारे कविलाई हेक्का छ । तर, समग्र भुइँमानिसलाई छैन । यति फरक हुन्छ, भुइँमानिस र कविबीच ।

यस्तो कवि, जो भुइँमानिसमाथि यतिखेर कवितीय शासन थोपिरहेका छन् । कवि चिन्तनादेखि कोसौं दूर छन् भुइँमानिस ।

भिड मनोविज्ञानमाथि १८४१ मै चार्ल्स मेकेले 'एक्सट्राअर्डिनेरी पपुलर डेल्युजन एन्ड दि म्याडनेस अफ क्राउड' लेखेका रहेछन् । मेके भन्छन्, 'सबै अर्थनैतिक संक्रमणको पछिल्तिर भिड मनोविज्ञानको लगानी हुन्छ ।' भारतलाई मात्र हेर्‍यौं भने सारा पोलिटिकल म्याकनिज्म यही भिडतन्त्रको टेकोमा उभिएको छ । भारतीय जनता पार्टीले भिडलाई उद्वेलन दिने प्रभावकारी नारा तयार पारेको छ, भारत भर्सेस पाकिस्तान, हिन्दू भर्सेस मुसलमानजस्ता । पत्रकार रवीशकुमार भन्छन्, 'राजनीतिक महत्त्वाकांक्षीले भारतीय लोकतन्त्रलाई भिडतन्त्रमा परिणत गरेको छ । र, भिडसित विवेक हुँदैन, आवेग हुन्छ ।'

भिडले दिने फाइदा के त ?

सत्ता ।

कवि प्रणय शंकरका कवितामा त्यही भिडको आवेग हाबी छ ।

भन्छन्, 'ग्यासच्याम्बरको बटन दबाउने औंला एउटा थिएन
त्यसको पछि गतिलो जमातको सोच थियो ।
जनसमुद्रको समर्थन थियो ।'

पाठकलाई 'हत्यारा' कविताबाट भिड मनोविज्ञान बोकेर हिँडेको कविको बयान सुन्न डर लाग्नुपर्ने हो । किनभने सद्दे विवेक बोकेर हिँडिरहेका हरकोहीलाई कसरी सत्ताले हत्यारामा परिणत गर्छ, त्यसको डकुमेन्ट्री प्रणयको कविता किताबभरि छन् । यस्तो लाग्छ, प्रणयले लेखिरहेको कविता होइन, डर हो । र त्यो 'डर' भिडभित्र शक्तिको रूपमा छ, भिडबाहिर आसक्तिको रूपमा ।

प्रणय कुरा घुमाउन जान्दैनन्, अभिधामा बोल्छन् । यसैले काँसभाँडा-लाई कविता मानेर पढे पनि भयो, निबन्ध मानेर पढे पनि भयो । रिसर्च मानेर पढ्दा पनि भयो, फिचर मानेर पढ्दा पनि भयो । जसरी पढून्, तर उसको हातको वर्तमानको अनुहार कति कुरूप छ, छर्लंग देख्ने गरी पढून् । प्रणयको कविता कला विचारमा छ । र त्यो विचार हो- आफैंले आफैंलाई चिन्नु ।

आफूलाई कसरी चिन्ने त ?

हो, त्यसैको सिलेबस हो- काँसभाँडा ।

प्रणय शंकर भन्न चाहन्छन्- देश महत एक भिड मात्र हो । कविता पढिरहेका कुनै पाठक वा कविता लेखिरहेका कुनै कवि, त्यही भिडका सदस्य हुन् । प्रणयको दाबी हो- अब त्यो भिडबाट कोही भाग्न सक्दैनन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालय
हिजो र आज



विश्वविद्यालयले आठ कलेजलाई सम्बन्धन दिएको छ । तीनवटा सहकार्यमा सञ्चालित क्याम्पस रहेका छन् भने हाल करिब एक हजार ५०० विद्यार्थी अध्ययनरत छन् । यीमध्ये चीन, श्रीलंका, बर्मासहितका ३२ जना विदेशी विद्यार्थी छन् । यस विश्वविद्यालयबाट ३५ जनाले बौद्ध दर्शनमा पिएचडी गरिसकेका छन् ।



विष्णुप्रसाद घिमिरे
bishnunews@gmail.com

शिक्षा

सन् १९९८ मा १६ राष्ट्रका प्रतिनिधिको सहभागितामा विश्व बौद्ध सम्मेलन लुम्बिनीमा सम्पन्न भएको थियो । सो सम्मेलनबाटै विश्वविद्यालय स्थापना गरिएको थियो । शान्तिका अग्रदूत गौतम बुद्ध जन्मेको भूमिमा आध्यात्मिक वातावरणमा बसेर उच्च तहको बौद्ध शिक्षा अध्ययन हुनुपर्छ भन्दै उच्च तहको बौद्ध विश्वविद्यालय आवश्यक छ भन्ने निष्कर्ष सम्मेलनको थियो । तर, स्थापनाको झन्डै एक दशकसम्म यो विश्वविद्यालय गुमनामजस्तै रह्यो । ०६१ सालमा स्थापना भएको बौद्ध विश्वविद्यालयको ०६७ सालबाट मात्रै शैक्षिक कार्यक्रम सुरु भएको थियो । सुरुमा पिएचडीको कार्यक्रम सुरु भएको थियो ।

लुम्बिनीमा बौद्ध विश्वविद्यालय स्थापना गर्ने भनियो, तर यसको केन्द्रीय कार्यालय काठमाडौंमा राखियो । लुम्बिनीमा सम्पर्क कार्यालयका रूपमा एउटा भवनमा सीमित गरियो । साढे दुई बिघा जग्गा छुट्याइयो । अन्य कामले गति लिन सकेन । विश्वविद्यालय नाम मात्रैको रह्यो । एक दशकसम्म काठमाडौंमा रहेको केन्द्रीय कार्यालय लुम्बिनीमा ०७३ मा मात्रै सारियो । ०७० बाट स्नातकोत्तर तहको अध्ययनसहित लुम्बिनीमा शैक्षिक कार्यक्रम सुरु भएको थियो । ०७० यताका वर्षमा विश्वविद्यालयको गति बढ्दै गएको छ ।

अहिले कस्तो छ विश्वविद्यालय ?

अहिले तीनवटा संकाय सञ्चालनमा छन् । बौद्ध अध्ययन संकाय, मानविकी तथा सामाजिक शास्त्र संकाय र स्कुल अफ डेभलपमेन्ट एन्ड एप्लाइड साइन्स । दुईवटा आंगिक क्याम्पस छन् । केन्द्रीय क्याम्पसमा चालू शैक्षिक कार्यक्रममा स्नातकोत्तर तहमा बौद्ध अध्ययन, अर्क्यालोजी र म्युजोलोजी सञ्चालनमा छन् । त्यस्तै स्नातक तहमा भोट बौद्ध अध्ययन, ट्राभल एन्ड टुरिजम म्यानेजमेन्ट र बिए आरडीको अध्ययन हुँदै आएको छ ।

बौद्ध विश्वविद्यालयको बुटवलमा सिटी क्याम्पस सञ्चालनमा आएको छ । यहाँ बिए, एलएलबी र ट्राभल एन्ड टुरिजम शैक्षिक कार्यक्रम सञ्चालनमा छन् । बुद्धसँग सम्बन्धित देव दहमा स्कुल अफ डेभलपमेन्ट एन्ड एप्लाइड साइन्सअन्तर्गत स्नातकोत्तर तहमा डेभलपमेन्ट स्डडिज र एग्रोफोरेस्ट्री कार्यक्रम सञ्चालनमा रहेको छ ।

विश्वविद्यालयले आठ कलेजमा सम्बन्धन दिएको छ । तीनवटा सहकार्यमा सञ्चालित क्याम्पस रहेका छन् भने हाल करिब एक हजार ५०० विद्यार्थी अध्ययनरत छन् । यीमध्ये ३२ जना विदेशी विद्यार्थी (चीन, श्रीलंका, बर्माका विद्यार्थी) छन् । यस विश्वविद्यालयबाट ३५ जनाले बौद्ध दर्शनमा पिएचडी (विद्यावारिधि) गरिसकेका छन् ।

विश्वविद्यालयका रजिस्ट्रार डा. तिलक आचार्यका अनुसार बौद्ध विश्वविद्यालयमा बौद्ध अध्ययन संकायअन्तर्गत विद्यावारिधि कार्यक्रम चालू रहेको छ भने शैक्षिक कार्यक्रमबाहेक अनुसन्धान केन्द्रबाट अनुसन्धानका कार्यक्रम भइरहेको छ । सबै कार्यक्रम सेमेस्टर प्रणालीमा सञ्चालित छन् ।

साढे २ बिघा जमिनमा सुरु भएको विश्वविद्यालयको अहिले ११३ बिघा जमिन छ । विश्वविद्यालयका सूचना अधिकारी चुरामणि पोखरेलका अनुसार विश्वविद्यालय स्थापना गर्दा करिब साढे दुई बिघा जमिन थियो । तर, अहिले लुम्बिनीसहित विभिन्न स्थानमा विश्वविद्यालयको ११३ बिघा जमिन रहेको छ । विश्वविद्यालयको देवदहमा ९२ बिघा जमिन रहेको छ । बुटवल-१२, नयाँगाउँमा करिब ६ बिघा जमिन र लुम्बिनीमा करिब १५ बिघा जमिन रहेको छ ।

भर्खरै केन्द्रीय क्याम्पस, सिटी क्याम्पस, केन्द्रीय कार्यालय, केन्द्रीय पुस्तकालय, पदाधिकारी आवास, शिक्षक आवास, छात्रछात्रावास निर्माणका काम सम्पन्न भएका छन् । पदाधिकारीका लागि आवास गृहदेखि १६ जनाका लागि शिक्षक आवास भवन बनेको छ भने करिब सयजना विद्यार्थीका लागि छात्रावास बनेका छन् । त्यस्तै विश्वविद्यालयलाई अझ व्यवस्थित गर्ने क्रममा अनुसन्धान केन्द्र लुम्बिनी र देवदहमा प्रशासनिक भवन निर्माण कार्य जारी रहेको छ ।

विश्वविद्यालयमा ६ जना मात्रै स्थायी शिक्षक छन् । शैक्षिक कार्यक्रम सञ्चालनका लागि १९ जना करारका शिक्षक रहेका छन् । विश्वविद्यालयले गति बढाउँकदै लगे पनि यहाँ पर्याप्त शैक्षिक जनशक्ति व्यवस्थापन हुन सकेको छैन । सरकारबाट दरबन्दी व्यवस्थापन हुन नसकेको र सीमित आर्थिक स्रोत-साधनबाट भए पनि गति बढाउँदै लगिएको विश्वविद्यालयका पदाधिकारी बताउँछन् । दरबन्दी व्यवस्थापनका लागि विश्वविद्यालय अनुदान आयोगमा, मन्त्रालयमा प्रस्ताव पेस गरिएको र विश्वविद्यालय सभाले २१९ जनाको दरबन्दी स्वीकृत गरेको छ ।

बौद्ध दर्शनको थलो बनाउन लागिपरेका छौं



■ रजिस्ट्रार **डा. तिलकराम आचार्य**

लुम्बिनी बौद्ध विश्वविद्यालयलाई बौद्ध धर्म दर्शनको अन्तर्राष्ट्रिय प्राज्ञिक थलोका रूपमा विकास गर्न लागिपरेका छौं । स्थापनाको पहिलो दशकमा गति लिन नसके पनि पछिल्लो समयमा निकै महत्त्वपूर्ण काम भएका छन् । अहिले तीनवटा संकाय बौद्ध अध्ययन संकाय, मानविकी तथा सामाजिक शास्त्र संकाय र स्कुल अफ डेभलपमेन्ट एन्ड एप्लाइड साइन्स सञ्चालनमा छन् । संसारभरका बौद्ध दर्शनमा ज्ञान राख्न चाहनेका लागि विश्वविद्यालय राम्रो अध्ययनको केन्द्र बनिरहेको छ । नेपालका सातवटै प्रदेशमा रिसर्च सेन्टरहरूको स्थापनाका लागि अध्ययनका काम भइरहेका छन् । शैक्षिक कार्यक्रमबाहेक अनुसन्धान केन्द्रबाट अनुसन्धानका कार्यक्रम भइरहेका छन् । अनुसन्धान केन्द्रले बौद्ध दर्शनका पुराना ग्रन्थहरूको अनुवाद गरिरहेका छन् । पाली संस्कृतिमा रहेका बुद्धिजमसँग सम्बन्धित महत्त्वपूर्ण ग्रन्थहरूको नेपालीकरण गरिएको छ । लगभग एक दर्जन तयार भएका छन् भने तीमध्ये केही प्रकाशितसमेत भएका छन् ।

विदेशी विद्यार्थीको आकर्षणको केन्द्र बन्दै गइरहेको यस विश्वविद्यालयलाई अझ व्यवस्थित गर्न विभिन्न योजना अगाडि सारेका छौं । अहिले आवश्यक स्रोतको व्यवस्थापन गर्न सकिए विदेशी विद्यार्थी थप आकर्षित हुनेछन् । अहिले विश्वविद्यालयले श्रीलंका, म्यानमार, भारत, चीन, अमेरिकासहितका विभिन्न देशबाट विज्ञहरू ल्याएर अध्ययनका काम अगाडि बढाउँदै आएको छ ।

कांग्रेसले हटायो समानुपातिक सूचीमा रहेका चार नाम

काठमाडौं/ कांग्रेसले प्रतिनिधिसभातर्फ समानुपातिक सांसदका लागि सिफारिस गरेका चारजनाको नाम निर्वाचन आयोगले सूचीबाट हटाएको छ। गोपालमान श्रेष्ठ, आनन्द ढुंगाना, अब्दुल सतार र बालकृष्ण पाण्डेको नाम निर्वाचन आयोगले सूचीबाट हटाएको हो।

समानुपातिकको सूचीबट यी चारजनाको नाम हटाउन कांग्रेस केन्द्रीय कार्यालयले निर्वाचन आयोगमा निवेदन दर्ता गराएको थियो। कांग्रेस सचिव कृष्णप्रसाद दुलालले केन्द्रीय कार्यसमिति बैठकको निर्णयअनुसार निर्वाचन आयोगमा निवेदन दिई श्रेष्ठ, ढुंगाना, सतार र पाण्डेको नाम समानुपातिक सूचीबाट फिर्ता लिइएको बताए।

उनले फिर्ताको प्रयोजन भने खुलाएनन्। यद्यपि, सूचीमा नाम रहिरहँदा अन्यत्र अवसर पाउनबाट वञ्चित हुने तर्क गरे। 'केन्द्रीय कार्यसमितिको निर्णयअनुसार नै नाम फिर्ता लिइएको हो। यही प्रयोजन भन्ने होइन। तर, सूचीमै रहँदा अन्यत्र अवसर पाउन सकिने अवस्था रहँदैन,' दुलालले नयाँ पत्रिकासँग भने।

आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले निवेदन आएकाले वेटिङ लिस्टमा रहेका चारजनाको नाम सूचीबाट हटाउने निर्णय भएको बताए। ११ माघमा राष्ट्रिय सभा निर्वाचन मिति घोषणा भएपछि कांग्रेसले नाम सूचीबाट हटाएको हो। सूचीमा नाम समावेश भएकाले राष्ट्रिय सभा निर्वाचनमा उम्मेदवार बन्न नपाउने व्यवस्था छ।

एमाले मात्र राष्ट्रवादी शक्ति : ओली

कास्कीमा **रोहितराज पराजुली**

एमाले अध्यक्ष केपी ओलीले एमाले मात्र राष्ट्रवादी शक्ति भएको बताएका छन्। झुलाघाटदेखि चिवाभञ्ज्याङ संकल्प यात्राका क्रममा शुक्रबार पोखराको लेखनाथस्थित तालचोकमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले एमालेबाहेक अन्य कुनै पनि पार्टी राष्ट्रवादी नभएको दाबी गरे।

'एमालेबाहेक अन्य कसैले पनि देश बनाउन सक्दैन। यो कुरा पटक-पटक प्रमाणित भइसकेको छ,' अध्यक्ष ओलीले भने, 'यसको प्रमाण वर्तमान गठबन्धन सरकारका कामकारबाही नै हुन्।' उनले एमाले इतिहास बनाएको, इतिहास बनाउन नेतृत्व गरेको र संघर्षको मैदानबाट खारिएर आएको मजबुत पार्टी भएको जिकिर गरे। 'एमाले सरकारमा रहँदा जनमुखी काम गरेर जनतामा आशाको सञ्चार गराएको थियो। तर, त्यसपछिका सरकारले जनतामा निराशा जगाउने काम मात्र गरेका छन्। राष्ट्रियताको सवालमा त झन् अहिलेको सरकारले शिर निहुराउने गरी काम गरेको छ।'



सरकार र गठबन्धनमा रहेका दलले आफूले पाएको जिम्मेवारी वहन गर्न नसकेर केवल एमालेको विरोध मात्रै गरिरहेको बताए। त्यस्ता दलका पसल ०८४ को निर्वाचनबाट बन्द हुने तर्क गरेका उनले एमालेले भने एकल बहुमतको सरकार बनाउने बताए। त्यसैका लागि अहिले अभियान चलाइएको उनको भनाइ थियो।

उनले जारी अभियानका क्रममा स्थानीय जनतासँग प्रत्यक्ष भेटघाट गरी गुनासा र समस्या सुन्ने, आफैँले समस्या बुझ्ने काम भइरहेको भन्दै उनले ती समस्या समाधानका लागि सरकारमा एमालेको नेतृत्व आवश्यक भएको बताए। उनले अभियानका क्रममा अधिकांश जनताले गरिबीका कारण देश छाडेर रोजगारीका लागि विदेश जानुपरेको समस्या सबैभन्दा बढी सुनाएको भन्दै गरिबी हटाउने र स्वदेशमै रोजगारी सिर्जना गर्ने काममा एमालेको सम्पूर्ण ध्यान केन्द्रित हुने बताए।

सम्बोधनका क्रममा साहित्यकार लेखनाथ पौडेल, लोकगायक अली मियाँ, झलकमान गन्धर्वको स्मरण गरेका ओलीले पोखराको प्राकृतिक सुन्दरताको वर्णनसमेत गरेका थिए। पोखरा पर्यटकीय राजधानीसमेत रहेको भन्दै ओलीले निर्माणका क्रममा रहेको मुग्लिन-पोखरा सडकखण्डको काममा भएको ढिलाइप्रति चिन्ता व्यक्त गरे। कार्यक्रममा पोखरा महानगरपालिकाकी उपप्रमुख मञ्जुदेवी गुरुङले ओलीलाई सारंगी उपहार दिइकी थिइन्। लगत्तै ओलीले सारंगी बजाएका थिए।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

थप जानकारीको लागि QR Scan गर्नुहोला

यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (सुनका गरगहना/घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८०/०८/२३

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी लाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति (सुनका गरगहना/घर/जग्गा) जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्तिहरु (सुनका गरगहना/घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्तिहरु (सुनका गरगहना/घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताहरुको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित ऋणीलाई, कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

सि. नं.	ऋणीको विवरण	धनजमानीकर्ताको विवरण	धितोमा रहेको सम्पतिको विवरण
१.	**श्रेष्ठ काष्ठ उद्योग** **प्रा.फ.र.नं. २६०३/०६७/०६८** ठेगाना : व्यास न.पा. ०२, तनहुँ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय,तनहुँ स्थायी लेखा नं.: ३०४४४४२५८ **प्रोप्राईटर/जमानतकर्ता : राम कुमार श्रेष्ठ** **ना.प्र.नं. ४३२७१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, तनहुँ बुबा : सन्तमान श्रेष्ठ बाजे : मनिलाल श्रेष्ठ ठेगाना : तनहुँ जिल्ला श्याम्घा -०७, हाल व्यास न.पा. -०४ **शाखा : दमौली** **कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा**	**१.विकाश श्रेष्ठ** **ना.प्र.नं. : ४३-०१-७५-००७९८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, तनहुँ बुबा : राम कुमार श्रेष्ठ बाजे : सन्तमान श्रेष्ठ ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. ०६, हाल व्यास न.पा.०४ **२.मेनुका श्रेष्ठ** **ना.प्र.नं. : ४३१००२/११८३८७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, तनहुँ पति : राम कुमार श्रेष्ठ ससुरा : सन्तमान श्रेष्ठ ठेगाना : तनहुँ जिल्ला श्याम्घा -०७, हाल व्यास न.पा. -०४	१) **राम कुमार श्रेष्ठको** नाममा मालपोत कार्यालय तनहुमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) (तालिका तल) साथै सम्पूर्ण लिगलगापात समेत।
२.	**आमना खातुन** **ना.प्र.नं. ८८७०१९५७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा पति : रजाक मिया ससुरा : रुदल मिया ठेगाना : पर्सा जिल्ला, श्रीसिया नौतज -०९, हाल पोखरिया -०६ **शाखा : वीरगंज** **कर्जा शीर्षक : सजिला लघु कर्जा**	**१.रजाक मिया** **ना.प्र.नं. : ८८७०१९५६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा बाबु : रुदल मिया बाजे : सविव मिया ठेगाना : पर्सा जिल्ला, श्रीसिया नौतज -०९, हाल पोखरिया -०६ **२.शामसाद आलम अंसारी** **ना.प्र.नं. : ३४-०१-७५-१६४४८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा बाबु : रजाक मिया बाजे : रुदल मिया ठेगाना : पर्सा जिल्ला, पोखरिया न.पा -०६ **३.सायरा खातुन** **ना.प्र.नं. ११७६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गृहमन्त्रालय पति : रुदल मिया ससुरा : सविव मिया ठेगाना : पर्सा जिल्ला, श्रीसिया-०८, हाल पोखरिया -०६ **४.रुदल मिया** **ना.प्र.नं. : ८८७०१०१२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा बाबु : सविव मिया बाजे : थाहा नभएको ठेगाना : पर्सा जिल्ला, श्रीसिया-०९, हाल पोखरिया -०६	१) **रजाक मियाको** नाममा मालपोत कार्यालय खैरहनी,चितवनमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)। (तालिका तल) साथै सम्पूर्ण लिगलगापात समेत।
३.	**अमन यादव** **ना.प्र.नं. : ३२१०६७/२३३८** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट। बाबु : हृदय नारायण राय यादव बाजे : राम लोचन राय यादव ठेगाना : पिप्रापोखरिया ०६, हाल कटहरीया-०९, रौतहट। **शाखा कार्यालय : चन्द्रपुर** **कर्जा : सुन कर्जा**	धितोमा रहेको सुनका गरगहनाहरु को विवरण (तालिका तल)	

क्र.सं. १ को धितो:

ठेगाना	नक्सा सिट	कित्ता नं.	क्षेत्रफल (बि/व.मि.)
फराकचौर	९घ	२७४७	०-१-०-२
			३५.७७
	८भ	२९५	२-०-०-०
			१०१७.४८
		२९९	०-३-२-३
			११७.२५
		२९७	०-३-२-२
			११५.२६

क्र.सं. २ को धितो:

ठेगाना	नक्सा सिट	कित्ता नं.	क्षेत्रफल (बि/व.मि.)
वडहरा-७,	७क	१०१८	०-०-१८.७५-०
			३१७.४४

क्र.सं. ३ को धितो: धितोमा रहेको सुनका गरगहनाहरु को विवरण

सुनको विवरणहरु	जम्मा तौल सुनको मात्र तौल (क)	(क्यारेट/रसायन) तौल कट्टा (ख)	खुद तौल ग=क-ख	कैफियत
सुनको औठी (एउटा भाचिएको) ३ थान	११.३५०	०.२५०	११.१००	रसायन
सुनको झुम्का २ थान	११.९००	०.२५०	११.६५०	रसायन
सुनको माङटिका १ थान	५.४००	०.२५०	५.१५०	रसायन
सुनको नथिया १ थान	५.१००	०.२५०	४.८५०	रसायन
सुनको सिक्री १ थान	१०.२५०	१.००	९.२५०	रसायन
सुनको अकबरी छाप असर्फी ७ थान	७०.००	०.००	७०.००	बिना रसायन
जम्मा(ग्राम/मिलि.ग्राम)	११४.००	२.००	११२.००	

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (सुनका गरगहना/घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियारप्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (सुनका गरगहना/घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ।
४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (सुनका गरगहना मध्य कुनै गहना वा सबै/घर/जग्गा) वा कुनै एक सम्पत्ति (सुनका गरगहना/घर/जग्गा) अलग-अलग समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।
७. रितपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।
१०. धितोमा रहेको सम्पत्ति (सुनका गरगहना/घर/जग्गा) विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लिखित ऋणी/प्रोप्राईटरहरुले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:
बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०९/०७ गते र बोलपत्र खोलिने मिति : २०८०/०९/०८
समयः दिनको :३:३० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर



सहलहः बचत तथा ऋण सहकारी संस्था लि.
गल्कोपाखा-२६, काठमाण्डौ, फोन नं. ०१-४९५२४७५

धितो लिलामी (चल सम्पत्ति) सम्बन्धि १५ दिने सूचना

प्रकाशित मिति २०८०/०८/२३

यस सहलहः बचत तथा ऋण सहकारी संस्था लि.को तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको सांवा ब्याज दैदस्तुर सहित कार्यालयको लेना रकम चुक्ता भुक्तानी नगरेकोले पटक पटक तरताकेता गरी पत्रिकामा कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गरी ऋणीलाई सूचना गर्दा समेत निज ऋणीले लिएको कर्जाको सांवा ब्याज चुक्ता नगरेको हँदा निज ऋणीले लिएको सांवा ब्याज दैदस्तुर समेत यस कार्यालयको सम्पूर्ण लेना रकम असुल गर्न निज ऋणीले राखेको धितो वापतको निम्न उल्लेखित चल सम्पत्ति लिलाम विक्री गरिने हुदां डाँक बढाबढमा सहभागी हुन ईच्छुक सबैलाई तपसिलमा उल्लेख भएको मिति, समय र स्थानमा उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ। साथै ऋणीलाई समेत लिलामको सूचना पठाई सकेको हुँदा सूचना प्राप्त नभए यसैलाई सूचनाको आधार मानी दिन हुन अनुरोध गरिन्छ।

तपसिल

सि.नं.	ऋणीको नाम र ठेगाना	जमानीको नाम र ठेगाना
१.	नामः दिनेश प्रसाद अधिकारी बुबा : गंगा प्रसाद अधिकारी बाजे : कोमल प्रसाद अधिकारी ना.प्र.नं.:०४/७६१५३१०८ झापा जारी मिति : २०५२/०२/२८ ठेगानाः जिल्ला झापा,राजगढ गा.वि.स वडा नं.९ हालः का.जि.का.म.न.पा - बानेश्वर-१० 	नामः पुष्पा निरौला बुबाः महेश प्रसाद शर्मा बाजेः खडानन्द निरौला पतिः दिनेश प्रसाद अधिकारी ना.प्र.नं.: ३८४६६/७८४ तेह्रथुम जारी मिति : २०५९/०८/०१ ठेगानाः जिल्ला तेह्रथुम,सम्दु गा.वि.स वडा नं. १ हालः का.जि.का.म.न.पा - बानेश्वर-१० 

सूरक्षण धितो बिवरण	
सवारी मोडल	HONDA CITY 2002
ईन्जिन नं.	D13B4021071
च्यासिस नं.	MAK3A255L2N206783
दर्ता नं	बा ४ च २१५५

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरू
१) लिलाम बिक्री भएको चल सम्पत्ति जे जस्तो अबस्थामा छ सोही अबस्थामा सकार गर्नु पर्नेछ।
२) सहकारी नियमावली २०७५ को दफा ३५ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ।
३) उक्त लिलाममा राखेको चल सम्पत्ति नामसारी/दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, हाल सम्मको कर तथा शुल्क आदि लिलाम सकार गर्ने ब्यक्ति आफैले तिर्नु/बुझाउनु पर्नेछ।
४) लिलाम बिक्री हुने चल सम्पत्तिको सम्बन्धित कागजात हेर्न वा अन्य थप विस्तृत जानकारीको लागि यस सहलहः बचत तथा ऋण सहकारी संस्था लि. गल्कोपाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।
५) डांक बढाबढ गर्ने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा उल्लेखित समय र स्थानमा हुनेछ।

डाँक बढाबढ गर्ने तालिका
मिति : २०८०/०९/०८ गते
समय : दिनको ११:०० बजे देखि ३:०० बजे सम्म
स्थान : सहलहः बचत तथा ऋण सहकारी संस्था लि. गल्कोपाखा-२६

अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड
Upper Syange Hydropower Limited
रजिष्टर्ड ठेगाना : चन्डोल ४, काठमाण्डौं, नेपाल, टेलिफोन नं. ०१-४५४२८६०
इमेलः upper.syange@gmail.com वेभसाइटः www.uppersyange.com
को

सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०८/२३ गते)

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०८/२२ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदाँ सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :
मिति : २०८० साल पौष १७ गते (तदनुसार २, जनवरी, २०२४) मंगलबार।
समय : बिहान ११:०० बजे।
स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चप्पल कारखाना चोक, काठमाण्डौं।

सातौं वार्षिक साधारण सभाका प्रस्तावहरु:
(क) साधारण प्रस्तावहरु:
१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरि स्वीकृत गर्ने।
३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकको निर्वाचन गर्ने।
(ख) विशेष प्रस्तावहरु :
१. आ.व. २०७९/०८० मा विभिन्न संस्था तथा व्यक्तिहरुलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने।
२. संचालकहरुको बैंठक भत्ता स्वीकृत गर्ने।
(ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :
१ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/०२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०९/०१ गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन्।
२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनी लगतमा कायम रहेको ठेगानामा ईमेल मार्फत पठाईएको छ। कारणवस कुनै शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.चन्डोल-४, काठमाण्डौंमा सम्पर्क गरि प्राप्त सकिनेछ।
३. वार्षिक साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन। सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.चन्डोल-४, काठमाण्डौंमा दर्ता गरिसक्नु पर्नेछ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ। उक्त दिन कम्पनी विदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ।
६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ।
७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको चण्डोल स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।
८. कम्पनीको सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्पनीको सूचना पाटीमा प्रकाशित निर्वाचन कार्यक्रम अनुसार हुनेछ।
९. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः upper.syange@gmail.com मा पठाउन सक्नु हुनेछ।
१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन्।
१२. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा.चन्डोल-४, काठमाण्डौं तथा यस कम्पनीको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा सम्पर्क राख्नु होला।

संक्षेप

गाँजाखेती नष्ट

सर्लाही/ सर्लाही प्रहरीले जिल्लाको लालबन्दी नगरपालिकाका विभिन्न स्थानमा लगाइएको गाँजाखेती नष्ट गरेको छ। लालबन्दी नगरपालिका-१४ नारायणखोलालगायत स्थानमा १५ बिघाभन्दा बढी क्षेत्रफलमा लगाइएको गाँजाखेती नष्ट गरिएको जिल्ला प्रहरीका प्रमुख प्रहरी उपरीक्षक प्रवीण धितालले जानकारी दिए। ठूलो क्षेत्रफलमा गाँजाखेती भइरहेको सुराकीका आधारमा प्रहरी परिचालन गरेर खेती नष्ट गरिएको उनले बताए।

नेपाल प्रहरी र सशस्त्र प्रहरीसमेत गरी एक सय ५० जनाको संख्यामा खटिएको प्रहरी टोलीले गाँजाखेती नष्ट गरेको हो। अवैध गाँजाखोती तथा यसको बिक्री-वितरणले समाजमा विकृति फैलाएको हुँदा नियन्त्रण अभियान सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले बताए। भौगोलिक हिसाबले विकट मानिएको लालबन्दी र ईश्वरपुर नगपालिकाको चुरे क्षेत्रका गाउँ मोटरदोभान, डाइनीखोलालगायत स्थानमा अवैध रूपमा गाँजाखेती हुँदै आएको छ।

पोर्चुगलको राजदूतमा नेपाल अनुमोदित

काठमाडौं/ पोर्चुगलका लागि प्रस्तावित नेपाली राजदूत सनिल नेपालको नाम संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएको छ। संसदीय समितिले उजुरीकर्तासँगको छलफलपछि शुक्रबार नेपालको नाम अनुमोदन गरेको हो। मन्त्रिपरिषद्ले २३ कात्तिकमा पोर्चुगलको राजदूतमा नेपालको नाम सिफारिस गरेको थियो।

राजनीति, अन्तर्राष्ट्रिय मामिला, विकास, लोकतन्त्र, समावेशिता, सञ्चारलगायत विषयमा विज्ञका रूपमा काम गर्दै आएका नेपालले कांग्रेसमा संसद्, पार्टी र समाजमा खेल्नुपर्ने भूमिकामा विषयगत विज्ञका रूपमा परामर्श दिने गरेका थिए। पाल्पामा जन्मेका नेपालले त्रिभुवन विश्वविद्यालयबाटै मानविकी संकायतर्फको अंग्रेजी साहित्य र समाजशास्त्र गरी दुई विषयमा स्नातकोत्तर गरेका छन्। उनी कानुनशास्त्रका समेत विद्यार्थी हुन्।

विमानस्थल पूर्ण सञ्चालनको माग गर्दै प्रदर्शन

भैरहवा/ गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण र नियमित सञ्चालनको माग गर्दै शुक्रबार भैरहवामा विरोध प्रदर्शन गरिएको छ। विमानस्थलबाट नियमित रूपमा अन्तर्राष्ट्रिय उडानको माग गर्दै शुक्रबार भैरहवामा शान्तिपूर्ण जनदबाब र्‍याली तथा विरोध प्रदर्शन गरिएको सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले बताए। सिद्धार्थ सञ्जाल रुपन्देहीको आयोजनामा भएको प्रदर्शनमा विभिन्न संघसंस्थाको सहभागिता थियो। देवकोटा चोकबाट सुरु भएको र्‍याली बैंक रोड, नारायणपथ, बर्मेली टोल हुँदै बुद्धचोकमा पुगेर समापन भएको थियो।

आन्दोलनमा उत्रिएका उद्योगी व्यवसायीले श्रम स्वीकृति कार्यालय र स्वास्थ्य परीक्षण संस्था दक्ष जनशक्तिसहित पूर्ण रूपमा सञ्चालन गर्न, भिसा सेन्टर कार्यालय पूर्ण क्षमतामा चलाउन, भैरहवामा मेनपावर कार्यालय स्वीकृत गर्न माग गर्दै प्ले कार्ड प्रदर्शन गरेका थिए।

र्‍यालीमा लुम्बिनी प्रदेश सरकारका प्रवक्ता तथा गृहमन्त्री सन्तोषकुमार पाण्डेय, संविधानसभा सदस्य तथा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खान, लुम्बिनी प्रदेश सभा सदस्य हेमा बेल्बासे केसी, सिद्धार्थनगर नगरपालिकाका जनप्रतिनिधि, उद्योगी, व्यवसायी, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि एवं नगरवासीको सहभागिता थियो।

राष्ट्र बैंकको थप लचिलो नीति

ब्याजदर करिडोरका सबै सीमाका साथै सेयर धितो कर्जाको जोखिम पनि घटाइयो

पवन तिमिल्सिना/नयाँ पत्रिका

बजारको ब्याजदर घटाउन नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाबाट उल्लेख्य लचिलो नीति लिएको छ। ब्याजदर करिडोरका सबै सीमा घटाएर केन्द्रीय बैंकले यस्तो नीति लिएको हो।

समीक्षामा केन्द्रीय बैंकले मुद्रास्फीतिलाई प्रभाव पार्ने विभिन्न पक्षहरूको विश्लेषण, शोधनान्तर स्थिति र निजी क्षेत्रतर्फ जाने बैंक कर्जाको वृद्धिदरलाई दृष्टिगत गरी ब्याजदर करिडोरका दरहरू घटाएको जनाएको छ। केन्द्रीय बैंकले बैंकदरलाई ७.५ प्रतिशतबाट घटाई ७ प्रतिशत, नीतिगत दरलाई ६.५ प्रतिशतबाट घटाई ५.५ प्रतिशत र निक्षेप संकलन बोलकबोल दरलाई ४.५ प्रतिशतबाट घटाई ३ प्रतिशत कायम गरेको छ। अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई यथावत् राखिएको छ।

केन्द्रीय बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमा ब्याजदर करिडोरका सबै दरहरूलाई यथावत् राखेर तल्लो सीमाको निक्षेप संकलन दरलाई घटाएको थियो। जसले ब्याजदर घटाउन सहयोग पुग्ने र कर्जा प्रवाहसमेत बढाई अर्थतन्त्र चलायमान हुने अपेक्षा गरिएको थियो। तर, तीन महिनाको समीक्षामा कर्जा प्रवाह बढ्न नसकेकाले सबै दरहरू घटाउनुपरेको स्पष्टोक्ति केन्द्रीय बैंकका गभर्नर महाप्रसाद अधिकारीले दिएका छन्।

बजारमा लगानीयोग्य तरलता सहज भए पनि कर्जा लगानी नभइरहेका कारण कर्जा लगानी बढाउने उद्देश्यले ब्याजदर करिडोरका सबै दरहरू घटाएको राष्ट्र बैंकका गभर्नर अधिकारीले जानकारी दिए। उनले भने, 'पछिल्लो समय तरलताको सहज स्थिति भए पनि कर्जा विस्तार हुन नसकेको अवस्था छ। यस्तोमा अलिकति भए पनि कर्जा जाओस् भन्ने उद्देश्यले घटाइएको हो। अर्थतन्त्रलाई सहयोग नै पुर्‍याउँछ भने अलि समय किन आँखा नचम्लिनु भनेर हो।' यद्यपि, पछिल्ला दुई सातादेखि केन्द्रीय बैंकले निरन्तर तरलता प्रशोचन गरिरहेको छ। ७० अर्ब रुपैयाँ बैंकहरूबाट ब्याज तिरेर पैसा उठाएको गभर्नर अधिकारीले बताए।

पछिल्लो आन्तरिक एवं बाह्य आर्थिक स्थिति र परिदृश्यका आधारमा वार्षिक मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई थप लचिलो बनाएको समीक्षामा उल्लेख छ। समीक्षामा भनिएको छ, 'यसबाट आन्तरिक आर्थिक स्थिति सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा रहेको छ। आन्तरिक आर्थिक गतिविधि एवं मुद्रास्फीतिको अवस्थालाई दृष्टिगत गरी मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दा मौद्रिक उपायहरूमा आवश्यकतानुसार परिमार्जन गरिनेछ।'

■ पुसपछि ५०% ऋणपत्र मात्रै स्रोतका रूपमा गणना गर्न पाउने

बैंक तथा वित्तीय संस्थाले निष्कासन गरेको ऋणपत्र (डिबेन्चर) आगामी पुससम्मका लागि पूर्ण रूपमा स्रोतका रूपमा गणना गर्न पाउने व्यवस्था छ। अब पुसपछि ऋणपत्रको ५० प्रतिशत मात्रै गणना गर्न पाइने भएको छ। यो व्यवस्था आगामी असारसम्मका लागि लागू हुने छ। गभर्नर अधिकारीले एकैपटक ऋणपत्रलाई स्रोत गणना गर्न दिने व्यवस्था हटाउँदा बैंक तथा वित्तीय संस्थाको स्रोतमा ठूलो असर पुग्ने भएकाले क्रमशः हटाउँदै जाने उद्देश्यले यो व्यवस्था गरेको बताए।

■ नियतवश ऋण नतिर्नेलाई कडाइ, कारणवश नतिर्नेलाई सहजीकरण

बैंक तथा वित्तीय क्षेत्रमा नियतवश कर्जा भुक्तान नगर्ने ऋणीलाई कारबाहीको व्यवस्थामा थप कडाइ गर्ने समीक्षामा उल्लेख छ। त्यस्तै, परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीलाई कर्जा पुनर्संरचना र पुनर्तालिकीकरणलगायतका माध्यमबाट सहजीकरण गर्ने उल्लेख गरिएको छ। यसका लागि बैंक तथा वित्तीय संस्थाले समस्यामा परेका ऋणीबाट प्राप्त निवेदनको विश्लेषणका आधारमा बक्यौता ब्याजको १० प्रतिशत रकम असुल गरी कर्जा पुनर्संरचना गर्ने उल्लेख छ। चैत मसान्तसम्म कर्जाको पुनर्संरचना गर्न सक्ने क्षेत्रहरूको विस्तार गरिने समीक्षामा जनाइएको छ।

त्यस्तै, लघुवित्त वित्तीय संस्थाले समेत आफ्नो नियमित सम्पर्कमा रहेका, तर परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीले कर्जा पुनर्संरचनाका लागि ०८० चैतसम्म निवेदन दिएमा त्यस्ता ऋणीको कर्जालाई पुनर्संरचना गर्न सक्ने व्यवस्था गरिने समीक्षामा भनिएको छ।

■ भूकम्पपीडितलाई कर्जामा राहत

०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरहरूको पुनर्निर्माणका लागि सरकारले तोकेका निकायले भूकम्प प्रभावितका रूपमा सूचीकरण गरेका परिवारलाई बैंक तथा वित्तीय संस्थाले २५ लाखसम्मको आवासीय घरकर्जा आधारदरमा २ प्रतिशत विन्दुभन्दा बढी प्रिमियम थप गर्न नपाउने व्यवस्था गरिने समीक्षामा उल्लेख छ। यस प्रयोजनका लागि साबिकको कर्जाधितो अनुपातमा बैंक तथा वित्तीय संस्थाले १० प्रतिशत वा सोभन्दा बढी विन्दुसम्म थप गर्न सक्ने व्यवस्था गरिनेछ। त्यस्तै, भूकम्पका कारण क्षतिग्रस्त भएका सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल तथा स्वास्थ्य चौकीको पुनर्निर्माणका लागि बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष ०७९/८० र ०८०/८१ को मुनाफाबाट सामाजिक उत्तरदायित्व कोषमा छुट्याई खर्च गर्नुपर्ने रकमको ४० प्रतिशतसम्म योगदान गर्न सक्ने व्यवस्था गरिने उल्लेख छ।

■ सेयर र घरजग्गामा खुकुलो नीति

केन्द्रीय बैंकले सेयर तथा घरजग्गा क्षेत्रका लागि समेत खुकुलो कर्जा नीति लिएको छ। बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने रियल इस्टेट कर्जा र ५० लाख रुपैयाँभन्दा बढीको सेयर धितो कर्जाको जोखिमभार घटाई १२५ प्रतिशत कायम गरेको छ।

त्यस्तै, ५० लाख रुपैयाँसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत कायम गरिने उल्लेख छ। ननडेलिभरेबल फर्वार्ड कारोबार र स्थानीय विप्रेषण कारोबारको सीमासम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने जनाइएको छ।

■ आन्तरिक रेमिट्यान्स खुलाइने

राष्ट्र बैंकका गभर्नर अधिकारीले आन्तरिक रेमिट्यान्स खुलाउने तयारी रहेको जानकारी दिएका छन्। उनले हाल बन्द रहेको आन्तरिक रेमिट्यान्स कारोबारलाई खुलाउने जमर्को गरेको बताए। उनले भने, 'एक वर्षअघि एक लाख रुपैयाँसम्म आन्तरिक विप्रेषण कारोबारको सुविधा थियो। बीचमा हामीले २५ हजार रुपैयाँ पुर्‍यायौँ। त्यसपछि शून्य नै बनायौँ। तर, अहिले अनुरोधहरू आएका छन्। कति रकम भनेर नलेखेका कारण अध्ययनले गर्ने सिफारिसलाई पर्खेका हौँ। मैले बुझेसम्म ठूलो रकम हुँदैन। मैले बुझेसम्म १०-१५ हजार रुपैयाँ हुन सक्छ।'



समीक्षाले गरेका व्यवस्था

- ७.५ प्रतिशतको बैंकदर घटाएर ७ प्रतिशत कायम
- ६.५ प्रतिशतको नीतिगत दर घटाएर ५.५ प्रतिशत बनाइयो
- ४.५ प्रतिशतको निक्षेप संकलन बोलकबोल दरलाई ३ प्रतिशत
- पुसपछि डिबेन्चरको ५० प्रतिशत मात्रै निक्षेप गणना गर्न पाउने
- ब्याजको १० प्रतिशत असुलेर चैतसम्म कर्जाको पुनर्संरचना गर्न पाइने
- भूकम्पपीडितले २५ लाख रुपैयाँसम्मको घरकर्जाको ब्याजदरमा प्रिमियम दर २ प्रतिशत नाघ्न नपाउने
- रियल इस्टेट र ५० लाख रुपैयाँसम्मको सेयर धितो कर्जाको जोखिमभार १२५ प्रतिशत मात्रै
- ५० लाखसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

पर्यटनको शैली फेरिनुपर्छ : अर्थमन्त्री डा. महत

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले अबको पर्यटनको शैली फेरिनुपर्ने बताएका छन्। शुक्रबार पोखरामा आठौँ पर्वतीय महोत्सवको उद्घाटन गर्दै मन्त्री डा. महतले प्राकृतिक र अर्गानिक उत्पादन मात्र सर्भ गर्न पोखराका व्यवसायीलाई अनुरोध गरे।

'एउटा होटेलबाट सुरु गरौँ न यो काम। त्यसपछि यहाँका कृषि उत्पादनले बजार पाउँछ। बजार पाएपछि यहाँका किसानले प्राकृतिक र अर्गानिक खेती गर्न थाल्छन्। खानपिन, रहनसहन, वेशभूषा अर्गानिक र पुरानोशैलीको निर्माणले मात्र अब पर्यटकलाई आकर्षित गर्न सकिन्छ,' उनले भने, 'त्यहाँ छुट्टै कुरा अनुभव गर्न पाइन्छ, छुट्टै कुरा देख्न पाइन्छ भने मात्र पर्यटक आउँछन्। अरूतिरको जस्तै हेर्न यहाँ पर्यटक आउँदैनन्।'



उनले गण्डकी प्रदेश नै सुन्दर ठाउँ भए पनि अहिले नकारात्मक प्रभावबाट दूषित भइरहेको बताए। 'अबको पर्यटन भनेको विशिष्ट पहिचान, सांस्कृतिक, जीवनशैली र विकास निर्माण हो। यहाँको विशिष्टतालाई हामीले पहिचान गर्नुपर्छ। हाम्रो हिमाल, पहाड, सभ्यता, संस्कृति र जीवनशैलीलाई हामीले संरक्षण गर्नुपर्छ,' उनले भने, 'पर्यटकको आगमनले हाम्रो जनजीवन पनि माथि उठ्छ। स्थानीय उत्पादनलाई सरकारले अनुदान दिन्छ।'

उनले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न नै आयातमा भ्याट लगाएको बताए। 'स्याउको आन्तरिक उत्पादनलाई प्रवर्द्धन गर्न आयातीतलाई भ्याट लगाइएको हो। कृषि उद्यमीले अब ठूलो स्केलमा उत्पादन गर्नुपर्छ, जग्गा छ, मान्छे छैन भने उनीहरूको जग्गा पनि भाडामा लिएर उत्पादन बढाउनुपर्छ,' उनले भने, 'अब हामी प्राकृतिक खेतीमा फर्किनुपर्छ। पहिला हामीले जे गरिरहेका थियौँ, त्यही नै ठीक हो। अहिले संसार त्यतैतिर फर्किरहेको छ। अब हामीले जीवनशैलीलाई बिस्तारै परिवर्तन गर्न जरुरी छ।'

विद्युत् निर्यात रोकियो, आयात सुरु

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले यस वर्ष मंसिरबाटै विद्युत् आयात गर्न सुरु गरेको छ। गएको वर्ष ०७८ मा पुसको पहिलो साताबाट विद्युत् आयात गर्न सुरु गरिएकोमा यस वर्ष मंसिर २१ गतेबाटै आंशिक रूपमा विद्युत् आयात गर्न सुरु गरिएको हो।

स्वदेशी उत्पादन घटेपछि भारततर्फको विद्युत्को निर्यात पनि रोकिएको छ। शुक्रबार रातिबाट विद्युत् निर्यात रोकिएको प्राधिकरणको भनाइ छ। प्राधिकरणले शनिबार भारतमा बिजुली बिक्री गर्न त्यहाँको खुला बजारमा कुनै पनि बिड गरेको छैन। उत्पादन घटेपछि निर्यात रोकिएको र आन्तरिक माग धान्न भारतबाट आयात गर्न थालिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। गत वर्ष १९ जेठ ०७९ देखि ३ पुससम्म विद्युत् निर्यात भएको थियो। यस वर्ष भने ढिलो सुरु भएको निर्यात छिट्टै रोकिएको छ। यस वर्ष २८ जेठदेखि २२ मंसिरसम्म विद्युत् निर्यात भएको छ।

यद्यपि, रकमका आधारमा विद्युत्को निर्यात भने बढेको छ। गएको वर्ष ११ अर्ब १६ करोड रुपैयाँको विद्युत् निर्यात भएकोमा यस वर्ष १५ अर्ब २४ करोड रुपैयाँको विद्युत् निर्यात भएको छ। जसअनुसार गत आवको भन्दा चार अर्ब आठ करोड रुपैयाँ बढीको विद्युत् निर्यात भएको देखिन्छ। मुख्यतः निर्यात हुने बिजुलीको परिमाण बढेपछि आम्दानी पनि बढेको घिसिङको भनाइ छ।

नेपालका अधिकांश जलविद्युत् आयोजनाहरू नदी प्रवाह (आरओआर)मा आधारित छन्। जसका कारण बर्सातमा खोलामा पानी बढी हुँदा विद्युत् उत्पादन पनि बढी हुन्छ। जुन समयमा भारतमा बिजुली निर्यातसमेत गर्न सकिन्छ। हिउँदमा खोलामा पानी कम हुँदा भने विद्युत् उत्पादन पनि स्वतः कम हुने हुनाले स्वदेशको माग धान्न भारतबाट नै विद्युत् आयात गर्नुपर्छ।

नेपालको विद्युत्को जडित क्षमता झन्डै तीन हजार मेगावाट रहेको छ। तर, अहिले विद्युत्को उत्पादन भने झन्डै एक हजार पाँच सय मेगावाट हाराहारी छ। तर, माग भने १७ सय मेगावाट हाराहारी रहेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आन्तरिक उत्पादनले मात्र नधान्ने हुँदा थोरै परिमाणमा विद्युत् आयात सुरु भएको बताए। 'अहिले विद्युत् उत्पादन र माग करिब करिब बराबरी छ, हाम्रा अर्धजलाशययुक्त विद्युत् गृहमा दिउँसो र राति पानी जम्मा गरी साँझ र बिहानको पिक समयमा चलाइरहेका छौँ,' उनले भने, 'पिक समयमा आयात गर्दा विद्युत्को दर महँगो पर्छ भने दिउँसो र रातिको दर सस्तो पर्छ, त्यसैले देशभित्रका अर्धजलाशययुक्त आयोजनाहरूमा दिउँसो र राति पानी जम्मा गरी उक्त समयमा आयात गर्दा सस्तो दरमा पाइने विद्युत् थोरै परिमाणमा मात्र आयात सुरु गरिएको छ।'

■ १५ अर्ब २४ करोड रुपैयाँको विद्युत् निर्यात

यस वर्षको वर्षायाममा १५ अर्ब २४ करोड रुपैयाँको विद्युत् भारततर्फ निर्यात गरिएको छ। प्राधिकरणले यस वर्षको जेठदेखि २० मंसिरसम्ममा एक अर्ब ७३ करोड ७१ लाख युनिट विद्युत् निर्यात गरी १५ अर्ब २३ करोड ८० लाख रुपैयाँ आर्जन गरेको हो। प्राधिकरणले यस अवधिमा दैनिक रूपमा अधिकतम सात सय मेगावाटसम्म विद्युत् निर्यात गरेको थियो। निर्यात गरिएको विद्युत्को औसत बिक्रीदर प्रतियुनिट आठ रुपैयाँ ७७ पैसा छ। चालू आर्थिक वर्ष ०८०/८१ को साउनदेखि २० मंसिरसम्ममा १३ अर्ब २३ करोड ६७ लाख रुपैयाँको विद्युत् निर्यात गरिएको छ। यस अवधिमा एक अर्ब ४७ करोड ६७ लाख युनिट विद्युत् निर्यात भएको छ। निर्यात गरिएको विद्युत्को औसत बिक्रीदर प्रतियुनिट आठ रुपैयाँ ९६ पैसा छ।

यो वर्ष नाफामा जाने दाबी

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले यो वर्ष भारतसँगको विद्युत् व्यापार नाफामा जाने दाबी गरेका छन्। अघिल्ला वर्षहरूमा भारतमा निर्यात गरिनेभन्दा आयात गरिने बिजुली नै बढी हुने गरेको थियो। 'आगामी वैशाखको दोस्रो हप्ताबाट विद्युत् निर्यात पुनः सुरु हुनेछ, यस वर्ष करिब नौ सय मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा थपिँदै छ, त्यसैले अर्को वर्ष २५-३० अर्ब रुपैयाँको विद्युत् निर्यात हुनेछ,' उनले भने, 'दुई देशबीचको प्रसारण सञ्चाल सुधारका लागि ठूलो क्षमताका लाइनहरू बनिरहेका छन् भने देशभित्र पनि जलविद्युत् आयोजनाहरूको निर्माण भइरहेका छन्। त्यसैले आगामी पाँच वर्षभित्रमा वार्षिक रूपमा करिब एक खर्ब रुपैयाँको निर्यात हुने अवस्था छ।'

डिडिसीले मौज्दात सामान धितोमा राखेर दूध किसानको बक्यौता तिर्ने

नयाँ पत्रिका

सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)ले बिक्री नभई मौज्दातमा रहेको धुलो दूध र मखवन बैंकमा धितो राखेर किसानलाई दूधको पैसा उपलब्ध गराउने निर्णय गरेको छ।

कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसालको पहलमा संस्थानको बोर्ड बैठक बसी सो निर्णय गरेको हो। बैठकले कर्मचारीको तलब र अत्यावश्यक खर्चसमेत कटौती गरी किसानको बक्यौता भुक्तानीका लागि योगदान गर्ने निर्णय गरेको छ। डिडिसीले किसानबाट दूध खरिद गरेको करिब ७२ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ भने गोदाममा करिब ७० करोड रुपैयाँको धुलो दूध पाउडर र मखवन मौज्दात रहेको छ। संस्थानका महाप्रबन्धक सञ्जीव झाले मन्त्रीको अग्रसरतामा बसेको बैठकले किसानको रकम छिटो भुक्तानी गर्ने निर्णय भएको बताए।

मौज्दात सामान बैंकमा धितो राखेर पैसा झिक्ने र किसानको रकम तिर्ने निर्णय भए पनि डिडिसी निरन्तर घाटामा रहेकाले बैंकबाट कर्जा लिन भने सहज हुने देखिँदैन। घाटामा रहेका संस्थान वा कम्पनीको सामान धितोमा राखेर कर्जा प्रवाह गर्न बैंकहरू असहज मान्छन्। संस्थानको शुक्रबार बसेको बोर्ड बैठकले मौज्दात सामान धितो राखेर कर्जा लिनका लागि कृषि मन्त्रालयबाट आवश्यक सहजीकरण गर्ने भनिएकाले किसानहरूमा छिटो रकम पाउने आशा जागेको छ।

त्यस्तै, अन्य स्रोतबाट रकम जुटाउनका लागि संस्थानले विभिन्न संघ-संस्था र व्यक्तिबाट पाउनुपर्ने बक्यौता चाँडै उठाउने निर्णय पनि भएको छ। संस्थानभित्र हुने अनावश्यक खर्चलाई नियन्त्रण गर्दै कर्मचारीको तलब, सुविधाबाहेक अन्य खर्च रोक्ने र सञ्चालक समितिका पदाधिकारीले बैठक भत्तासमेत नलिने निर्णय गरेको छ। त्यसैगरी, पत्रु सामानको चाँडै लिलामी गर्ने र इन्धन तथा सवारीसाधनको प्रयोगमा मितव्ययिता अपनाउने निर्णय पनि भएको छ। विराटनगरस्थित धुलो दूध कारखाना सञ्चालनका लागि प्रयोग भइरहेको डिजेल ब्वाइलरलाई विस्थापित गरी पुसबाट भुस ब्वाइलरको प्रयोग गर्ने निर्णय भएको छ। यस्तो निर्णयबाट मासिक ५० लाख बचत हुनेछ। हाल डिजेल ब्वाइलरको प्रयोगले मासिक एक करोड २५ लाखसम्म खर्च हुने गरेको छ। बोर्ड बैठकले फुटकर तथा मसलन्द खर्चलाई पूर्ण नियन्त्रण गर्ने तथा तत्काललाई ५० प्रतिशत दूध ढुवानी गर्ने सवारीसाधन भाडामा लिई सञ्चालन गर्ने निर्णयसमेत भएको छ। यस्तो निर्णयपछि मासिक ५० लाखसम्म बचत हुनेछ। डिडिसीका महाप्रबन्धक झाले किसानको पैसा तिर्ने कुरालाई पहिलो प्राथमिकतामा राखेको बताए।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आब्हान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०९/१३ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय गुलरिया, बर्दियाबाट तपसिलको कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी/संचालक/अ.प्रा. व्यक्ति/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणी : हट एण्ड चिल्ली प्रा.लि. दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय ठेगानाः नेपालगंज उप-महानगरपालिका वडा नं.-१२, बाँके दर्ता नं: २५२८९६/०७७/०७८ दर्ता मितिः २०७७/१०/०४ पान नं: : ६०९९०६८३३ **संचालक/अ.प्रा. व्यक्ति/जमानीकर्ताको नाम :** **हेम बहादुर रावत** बुवाको नाम : नोख बहादुर रावत बाजेको नामः खड्के रावत ठेगानाः नेपालगंज-६, बाँके, हालः नेपालगंज-५, बाँके ना.प्र.नं. ६६१०१९/१९४२ जारी मिति : २०६६/०७/२३ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके **कर्जा शिर्षक : एस.एम.ई अधिविकर्ष कर्जा** **शाखा कार्यालय : गुलरिया, बर्दिया**	**क) नाम : बिनिता शर्मा** बुवाको नाम : लिलाधर शर्मा पतिको नामः हेम बहादुर रावत ससुराको नामः नोख बहादुर रावत ठेगाना : नेपालगंज-५, बाँके ना.प्र.नं.: ६६१०१९/३४३८, जारी मिति :२०६८/०१/१२ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके **ख) नामः वालीका देवी रावत** बुवाको नाम : तेज बहादुर खड्का पतिको नामः नोख बहादुर रावत ससुराको नाम : खड्के रावत ठेगाना : नेपालगंज-५, बाँके ना.प्र.नं. : रा.अ. १, जारी मिति :२०४६/८/२४ जारी गर्ने कार्यालय : जि.का., बर्दिया **ग) नाम : खेम वहादुर क्षेत्री** बुवाको नाम : दील वहादुर क्षेत्री बाजेको नामः मान सिंह क्षेत्री ठेगाना : कोहलपुर-५, बाँके, हालः कोहलपुर-१३, बाँके ना.प्र.नं.: ६५२, जारी मितिः २०५२/१०/२८ जारी गर्ने कार्यालय : जि.प्र.का.,बाँके
सुरक्षणमा रहेको धितोको विवरणः १) श्री मालपोत कार्यालय नेपालगँज, बाँकेमा खेम बहादुर क्षेत्रीको नाममा दर्ता कायम रहेको जिल्ला बाँके चटार-४, स्थित कि.न. ५९ को क्षेत्रफल २०३१.७० व.मि. को जग्गा तथा सोमा निमार्ण भएको घरटहरा र सोले चर्चेको लिगलगापात समेत। २) श्री मालपोत कार्यालय राजापुर, बर्दियामा हेम बहादुर रावतको नाममा दर्ता कायम रहेको जिल्ला बर्दिया, नयाँगाउँ-५, स्थित कि.न. ६८४ को क्षेत्रफल ३०४७.६७ व.मि. को जग्गा तथा सोमा निमार्ण भएको घर टहरा र सोले चर्चेको लिगलगापात समेत।	**घ) नामः देउकली क्षेत्री** बुवाको नामः चन्द्र बहादुर रावत पतिको नामः खेम बहादुर क्षेत्री ससुराको नामः दील बहादुर क्षेत्री ठेगानाः कोहलपुर-५, बाँके, हालः कोहलपुर-१३, बाँके ना.प्र.नं. ६६-०१-७०-०६०६८, जारी मिति :२०७०/१०/१२ जारी गर्ने कार्यालय : जि.प्र.का.,बाँके **ङ) नाम : सम्झना क्षेत्री** बुवाको नाम : खेम बहादुर क्षेत्री बाजेको नामः दील बहादुर क्षेत्री ठेगानाः कोहलपुर-१३, बाँके ना.प्र.नं.: ६६-०६-७५-०४०९३, जारी मिति : २०७५/१२/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके

शर्तहरु :


१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०३०-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०३०-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावे कार्यालय समय भित्र शाखा कार्यालय गुलरिया, बर्दियामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

चमेना गृह भाडामा दिने बढाबढ प्रस्ताव आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/२३
चौबिसै घण्टा खुला रहने चमेना गृहमा खाजा र खाना लगायत अन्य परिकारहरु सहुलियत दरमा उपलब्ध गराउन (दुई) बर्षका लागि सञ्चालन गर्नका लागि बढाबडमा यो प्रस्ताव आह्वान गरिएको छ।

बी.पी.स्मृति सामुदायिक सहकारी अस्पताल लि.
बसुन्धारा, काठमाडौं
थप जानकारीको लागि
फोन नं. ०१४९८७०५१/५२ र ४९८७०९४/९६

हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. २०१४
वैशाख १४ गते

स्वर्गारोहण:
वि.सं. २०८०
मंसिर ११ गते

स्व. उद्धव प्रसाद मैनाली

हाम्रा सहकर्मी श्री उपेन्द्र प्रसाद मैनालीका पूजनीय पिता **उद्धव प्रसाद मैनाली**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं.: २०३१४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

■ यू-१९ एसिया कप

नेपाल पाकिस्तानसँग सात विकेटले पराजित

नयाँ पत्रिका

उमेर समूहमा नेपाली युवा टोली अन्तर्राष्ट्रिय क्रिकेटमा अब्बल नै छ। विगतमा नेपाली यू-१९ टोलीले शक्तिशाली राष्ट्रलाई हराएका धेरै रेकर्ड छन्। यही गर्विलो इतिहास दोहोऱ्याउने रणनीतिका साथ शुक्रबार नेपालले युएईमा सुरु भएको एसिसी यू-१९ एसिया कपमा टेस्ट राष्ट्र पाकिस्तानसँग प्रतिस्पर्धा गऱ्यो। नेपालले कुनै पनि समयमा पाकिस्तानलाई दबाबमा राख्न सकेन। ब्याटिङ र बलिङमा खराब प्रदर्शन गरेपछि नेपाल पाकिस्तानसँग सात विकेटले पराजित भयो। हारसँगै नेपालले प्रतियोगिता सुरुवात गरेको छ।

आइसिसी एकेडेमी ओभल-२ मा टस हारी ब्याटिङ गरेको ४७.२ ओभरमा सबै विकेट गुमाएर एक सय ५२ रनमै समेटियो। पाकिस्तानले २६.२ ओभरमा तीन विकेट गुमाउँदै सानदार जित निकाल्यो। नेपालले समूह 'ए'को दोस्रो खेलमा अफगानिस्तानविरुद्ध खेल्नेछ। नेपालले मंगलबार भारतको सामना गर्नेछ। एकै समयमा भएको खेलमा भारतले पनि अफगानिस्तानलाई सात विकेटले नै हराएको छ। जितपछि भारत र पाकिस्तानले दुई अंक जोडेका छन्। नेपाल र अफगानिस्तान अंकविहीन छन्।

■ पाकिस्तानका अजान र सादको अर्धशतक

पाकिस्तानको जितमा अजान अवाइस र साद बाइगले अर्धशतकीय इनिङ्स खेलेका छन्। अजानले ६२ बलमा आठ चौकासहित सर्वाधिक ५६ रन जोडे। कप्तान सादले ५६ बलमा पाँच चौकाको योगदानमा ५० रन जोडे।

पाकिस्तान एक समय २३-२ को अवस्थामा थियो। यी दुई ब्याट्समयानले तेस्रो विकेटका लागि एक सय आठ रनको बलियो साझेदारी गर्दै पाकिस्तानलाई जिततर्फ अग्रसर गराए। आठ बलको सामना गरेका मोहम्मद जिसानले दुई चौका र छक्कासहित अविजित २० बनाए। ओपनर साहजैब खानले १५ रन थपे। ओपनर साम्य हुसैनलाई गुलसन झाले आउट गरे। नेपालका गुलसनले दुई र आकाश त्रिपाठीले एक विकेट लिएका हुन्।

■ चलेन नेपालको साझेदारी

नेपालको कमजोर ब्याटिङमा उत्तम मगरले मात्रै अर्धशतकीय इनिङ्स खेलेका थिए। उत्तमले ६७ बलमा तीन चौका र दुई छक्कासहित सर्वाधिक ५१ रन बनाए। पाकिस्तानका सिमर बलरले उत्कृष्ट बलिङ गर्दा नेपाल इनिङ्सको एक समय ४६-५ को नाजुक अवस्थामा थियो। नेपाललाई उत्तमले छैटौं विकेटका लागि दीपेश कँडेलसँग ६८ रनको साझेदारी गर्दै सम्मानजनक अवस्थामा पुऱ्याएका थिए। ५९ बलको सामना गरेका दीपेशले दुई चौका र एक छक्कासहित ३१ रनको योगदान गरे।

कप्तान देव खनाल १३ बलमा खेल्दा शून्यमै पेभिलिन फर्किएका थिए। ओपनर अजुन कुमालले २१ रन बनाए। अर्का ओपनर तिलक भण्डारी सात, आकाश त्रिपाठी ६, गुल्सन झा र विशालविक्रम केसी एक रन, विपिन रावल शून्य र आकाशले चन्द पाँच रन बनाएर आउट भए।

सुवास भण्डारी आठ रन बनाएर क्रिजमा रहे। नेपाललाई सस्तैमा रोक्न पाकिस्तानमा मोहम्मद जिसानले ६ विकेट लिए। ९.२ ओभर बलिङ गरेका उनले एक मेडनसहित १९ रन मात्र खर्चिएका हुन्। अमिर हसनले दुई तथा अली असफान्ड र उबैद साहले समान एक विकेट लिए।

> बलिङ र ब्याटिङमा फितलो प्रदर्शन गरेको नेपालले पाकिस्तानविरुद्ध ४७.२ ओभरमा एक सय ५२ रन मात्र बनाएको थियो, पाकिस्तानले २६.२ ओभरमा तीन विकेटको क्षतिमा जित निकाल्यो

■ भारतले अफगानिस्तानलाई हरायो

भारतले अफगानिस्तानलाई सात विकेटले हराउँदै विजयी सुरुवात गरेको छ। टस हारेर ब्याटिङ गरेको अफगानिस्तानले अल आउट हुँदा एक सय ७३ रन बनाएको थियो। भारतले तीन विकेट गुमाउँदै ३७.३ ओभरमा जित निकाल्यो।

भारतको जितमा ओपनर अर्सिन कुलकर्नीले अविजित ७० रन बनाए। एक सय पाँच बल खेलेका उनले चार चौका प्रहार गरे। पाँचौं नम्बर क्रिजमा रहेका मुसेर खानले ५३ बलमा ४८ रनको योगदान गरे। कप्तान उदय सहरानले २० रन बनाए। अफगानिस्तानका बसिर अहमद, वाहिदुल्लाह जाद्रन खलिल अहमेदले समान एक विकेट लिएका थिए।

अफगानिस्तानको ब्याटिङ इनिङ्समा ओपनर जाम्सिद जाद्रनले सर्वाधिक ४३ रन बनाए। अक्रम मोहम्दजाईले २०, नुमान साहले २५ र मोहम्मद योनुसले २६ रन बनाएका हुन्। भारतका आर्सिन कुलकर्नी र राज लिम्बानीले समान तीन विकेट लिए। नमन तिवारीले दुई तथा मुरुगान अभिषेक र मुसेर खानले समान एक विकेट लिन सफल भए।



■ नेपाल सुपर लिग

बराबरीले झापा र वीरगन्ज दुवैलाई दबाब

नयाँ पत्रिका

आधा दर्जनभन्दा बढी आक्रमण विफल हुँदा पहिलोपटक नेपाल सुपर लिग खेलिरहेका झापा एफसी र वीरगन्ज युनाइटेडबीचको पहिलो भेट नै गोलरहित बराबरीमा भएको छ। दशरथ रंगशालामा शुक्रबार नयाँ दुई टोलीबीच प्रतिस्पर्धा उत्कृष्ट रहे पनि एउटा पनि गोल भएन। यी दुवै टोलीको एकै समान रह्यो। झापा र वीरगन्जका विदेशी र स्वदेशी नेपाली खेलाडीले खेल अवधिभरि उत्कृष्ट प्रदर्शन गरेका थिए। खेलको ७३औं मिनेटमा योगेश गुरुङले रातो कार्ड पाएपछि झापा १० खेलाडीमा सीमित भएको थियो। यद्यपि, १० खेलाडीमा प्रतिस्पर्धा गरिरहेको वीरगन्जले त्यसको फाइदा उठाउन सकेन।

काउन्टर अट्याकमा रहेका विलियम ओपुकुलाई पछाडिबाट तानेपछि भारतीय रेफ्री राम दसनले योगेशलाई सोझै रातो कार्ड देखाए। दुवै टोलीका खेलाडी फिनिसिङमा चुकिरहे। नौ टोली सहभागी नेपाल सुपर लिगमा झापा र वीरगन्जका प्ले अफ सम्भावना निकै कमजोर बनेका छन्। यी दुवै टोली अझै जितविहीन छन्। बराबरीसँगै चार खेलबाट तीन अंक जोडेको झापा सातौं स्थानमा छ। समान खेलबाट दुई अंक जोडेको वीरगन्ज तालिकाको पुछारमा रह्यो। खेलपछि झापाका स्पेनिस प्रशिक्षक ओरिओल मेहदानो सेगुराले खेल राम्रो रहे पनि स्कोर गर्न चुकेको बताए।

'साँच्चै खेल राम्रो थियो। सबैले राम्रो खेले। सबैले चाहेको जित थियो। तर, हामी अलि टाढा रह्यौं,' सेगुराले भने, 'हामीले खेलमा धेरै युवालाई मौका दिएका छौं। लगातार खेल्दा सबैलाई विश्रामको खाँचो छ।' पहिलो खेलमा स्पोर्टिङ इलामसँग पराजित भएको झापाले दोस्रो खेलमा पोखरा थन्डर्ससँग १-१ गोलको बराबरी तथा तेस्रो खेलमा काठमाडौं रेजर्ससँग गोलरहित बराबरी खेलेको थियो।

वीरगन्जका प्रशिक्षक सनोज श्रेष्ठले पहिलो हाफमा खेलाडीबीच तालमेल नमिल्दा कमजोर प्रदर्शन भएको बताए। उनले पहिलोभन्दा दोस्रो हाफमा राम्रो प्रदर्शन भएको जनाए। 'तालिकाको मध्यम टोलीको फाइटमा हामी पहिलो हाफमा चुक्यौं। खेलाडीबीच तालमेल नै भएन,' श्रेष्ठले भने, 'दोस्रो हाफमा आक्रामक खेल खेले पनि गोलमा चुक्यौं। प्ले अफ पुग्न अझै बलियो प्रदर्शन गर्नुपर्छ।' यता, वीरगन्ज पहिलो खेलमा धनगढी एफसी र दोस्रो खेलमा एफसी चितवनसँग समान २-१ ले पराजित भयो। तेस्रो खेलमा वीरगन्जले ललितपुर सिटीविरुद्ध २-२ को बराबरी खेल्दै अंक बटुलेको थियो।

खेलको म्यान अफ दी म्याच वीरगन्जका गोलरक्षक तथा मार्की दीप कार्की घोषित भए। उनले सोचेजस्तो खेल हुन नसकेको बताए। उनी पहिलो 'क्लिन सिट' राख्न सफल भए पनि अग्रपंक्तिमा कमजोर प्रदर्शन हुँदा दुःखित देखिए। 'खेल निकै दबाबपूर्ण रह्यो। सोचेको जस्तो हुन सकेन,' राष्ट्रिय टोलीको गोलकिपरसमेत रहेका दीपले भने, 'दोस्रो हाफ राम्रो भयो। तर, खुसी हुने स्थान छैन।'

फिनिसिङमा समस्या

खेलभर निकै अवसर बनाएपछि झापा र वीरगन्जमा अग्रपंक्तिमै ठूलो समस्या देखिएको थियो। विदेशी खेलाडीलाई अग्रपंक्तिमा जिम्मेवारी दिए पनि यसपटक दुवै टोलीको फिनिसिङ कमजोर रह्यो। केही प्रहार बारमा ठोकिएको थियो। ११औं मिनेटमा झापाका समन्दर ओकिलोभको प्रहार गोलरक्षक दीपले बचाए। लगत्तै ओकिलोभको प्रहार सेकेन्ड बारमा लागेर फर्कियो। खेलको ३२औं मिनेटमा कप्तान लक्ष्मण रुचाल वान भर्सेज वानमा दीपलाई बिट गर्न सकेनन्। नियमित कप्तान अञ्जन विष्ट घाइते भएपछि झापाको आर्म ब्यान्ड रुचालले लगाए।



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अंक तालिका

क्लब	खेल	जित	बराबर	हार	अंक
पोखरा	४	२	२	०	८
धनगढी	३	२	१	०	७
ललितपुर	४	१	३	०	६
काठमाडौं	३	१	२	०	५
चितवन	४	१	२	१	५
बुटवल	४	१	१	२	४
इलाम	४	१	०	३	३
झापा	४	०	३	१	३
वीरगन्ज	४	०	२	२	२

गर्मी मौसममै विश्वकप गर्ने योजनामा साउदी अरेबिया



एजेन्सी

सन् २०३४ को विश्वकप फुटबल प्रतियोगिताको आयोजक राष्ट्र साउदी अरेबिया हो। चर्को गर्मी भएको स्थानमा युएईले पनि कतारले झैं विन्टर सिजनमा गर्ने पूर्वअनुमान थियो। किनभने सन् २०२२ को विश्वकप आयोजक कतारले विन्टरमै सफलतापूर्वक प्रतियोगिता गरेको थियो। सामान्य गरी विश्वकप जुन-जुलाईमा हुन्छ। यसवेलामा पूर्वीमध्य एसियामा चर्को गर्मी हुने मौसम हो। यसकारण पनि युएईले विश्वस्तरीय रंगशाला निर्माण गरी जाडो मौसममै विश्वकप गर्नुपर्ने विज्ञहरूले सुझाव दिएका छन्। तर, युएईले सबै अनुमानविपरीत फिफाले दिइएको समयमै विश्वकप निर्धारित मितिमै हुने जनाएको छ। 'साउदी अरेबियाले मध्यगर्मीको मौसममै विश्वकप गर्ने योजनाका साथ अगाडि बढेको छ,' गल्फ टाइम्सले उल्लेख गरेको छ।

एक रिपोर्टअनुसार जुन-जुलाईमा साउदी अरेबियामा कम्तीमा ६० डिग्री पुगेको हुन्छ। यस्तो गर्मीको वेलामा पनि कसरी विश्वकप आयोजना गर्न सकिन्छ भन्ने प्रश्नको उत्तर साउदी अरेबियासँग छ। साउदी अरेबियाले विश्वकपमा प्रयोग हुने सबै रंगशालालाई चिसो बनाउने जनाएको छ। जुन ठ्याक्कै कतारले अपनाएको विधि हो। कतारले पनि गत वर्ष विश्वकप आयोजना गर्दा सबै विश्वकपमा अत्याधुनिक मेसिनको सहयोगमा एसी जडान गरेको थियो। जसका कारण रंगशालामा कसैले पनि गर्मीको महसुस नै गर्न पाएनन्।

> साउदी अरेबियाले विश्वकपमा प्रयोग हुने सबै रंगशालालाई चिसो बनाउने जनाएको छ, जुन ठ्याक्कै कतारले अपनाएजस्तै हो

कतारको भन्दा फरक रंगशाला र त्यसमा सुविधासमेतमा आमूल परिवर्तन हुने साउदी अरेबियाले जनाएको छ। साउदी राजकुमार मोहमद विन सलामले विश्वकपमा कुनै किसिमको कमजोर नहुने दाबी गरेका छन्। 'हामी अहिलेसम्मकै उत्कृष्ट विश्वकप गराउने योजनाका साथ अगाडि बढिरहेका छौं,' राजकुमार मोहमदले भने, 'त्यसवेला फुटबल हेर्न आउनेले फरक साउदी अरेबिया र फुटबल माहोल पाउनेछन्।' गत अक्टोबर ३१ मा अस्ट्रेलियाले विश्वकप आयोजना गर्ने दाबी फिर्ता लिएपछि साउदी अरेबिया सन् २०३४ को एक्लो आयोजक राष्ट्र बनेको हो।

साउदीका खेलकुदमन्त्री तथा राजकुमार विन अल फैसलले सम्बन्धित निकायसँग विश्वकप आयोजना गर्ने मितिबारे छलफल भइरहेको जानकारी दिएका छन्। 'हामीले कुन समयमा विश्वकप गर्दा उपयुक्त हुन्छ भनी विचार र छलफल गरिरहेका छौं, धेरैजसोले फिफाले दिएको मितिमै गर्नुपर्ने सुझाव दिएका छन्,' खेलकुदमन्त्री अल फैसलले भने, 'हाम्रो प्रयास पनि निर्धारित समयमै विश्वकप गराउने हो, यसमा कुनै कन्जुस्याइँ हुनेछैन।'

एक सय ११ वर्षपछि सान्तोष 'बी' डिभिजनमा

पेले र नेमारजस्ता विश्वप्रसिद्ध खेलाडी उत्पादन गरेको ब्राजिलियन क्लब सान्तोष पहिलोपटक रेलिगेसनमा

साओ पाओलो/ सान्तोषका फुटबल समर्थकले बिहीबार बिहान इतिहासमै कल्पना नगरेको सामाचार सुने। विश्व फुटबल इतिहासमै एक इतिहास रचेको सान्तोष क्लब पहिलोपटक रेलिगेसनमा पऱ्यो। सन् १९१२ मा स्थापना भएको क्लब सान्तोषको नाम लिँदा पेले र नेमार जुनियरकै नाम अगाडि आउने गर्छन्। पेले र नेमार फुटबलले पाएकामध्ये राम्रा खेलाडीमा पर्छन्। अझ पेलेको कुरै नगरौं। उनले आफ्नो सिंगो फुटबल करिअर नै सान्तोषमै बिताएका थिए।

पेलेले सन् १९५६ देखि ७४ सम्म खेल्दा पाँच सय ८३ खेलमा पाँच सय ६९ गोल गरेका थिए। ब्राजिललाई तीनपटक विश्वकप उपाधि दिलाउँदा पेलेलाई युरोपियन क्लबबाट राम्रो प्रस्ताव आएको थियो। तर, पेलेले आफ्नो पहिचान नै सान्तोष र यसबाट अलग भएर फुटबल यात्रा अगाडि बढाउन नसकिने जनाएका थिए। यही माया र मोहका कारण नै पेलेलाई सान्तोषका समर्थकले अहिलेसम्मकै महान् खेलाडीका रूपमा लिने गर्छन्।

गत वर्ष उनी ८४ वर्षको उमेरमा संसारबाट बिदा हुँदा पनि सान्तोषले गहिरो दुःख मनाएको थियो। अर्कोतिर वर्तमान पुस्ताकै प्राविधिकका रूपमा पोख्त स्ट्राइकर नेमारले व्यावसायिक फुटबल करिअर सान्तोषबाट



गरेका थिए। उनले यहाँ सन् २००९ देखि २०१३ सम्म १७७ खेलमा १०७ गोल गरे। सन् २०१३ ताका सान्तोषबाट बार्सिलोनामा अनुबन्ध हुँदा नेमारको चर्को आलोचना भएको थियो। नेमारले त्यसवेला आफू ब्राजिलियन फुटबल युरोपमा पुऱ्याउने र आफू आधुनिक फुटबलको स्वाद लिन सान्तोष परित्याग गरेको बताए। यद्यपि, वेला-वेलामा नेमारले सान्तोषले लगाएको गुण कहिल्यै बिर्सन नसक्ने बताउँदै आएका छन्।

'अहिले म जे छु, सबै सान्तोषकै कारण थियो,' तत्काल नेमार भन्ने गर्थे, 'इतिहास बोकेको क्लबबाट युरोपियन क्लबमा खेल्दा खल्लो लागेको थियो।' कुनै समय ब्राजिलियन फुटबलमा एकछत्र राज गरेको सान्तोषले यो सिजन राम्रो खेल्न सकेन।

ब्राजिलियन प्रिमियर सिरी 'ए' लिगकै अन्तिम दिनमा सान्तोष फर्टालेजसँग २-१ ले स्तब्ध हुँदा रेलिगेसनमा परेको हो। खेलमा जित निकाल्दा सान्तोषको रेलिगेसन जोगिने थियो। क्लब इतिहासमा सान्तोषले सन् १९५० देखि ६० को अवधिमा १२ स्टेट उपाधि, ६ लिग तथा दुईपटक कोपा लिबेर्टाडोर्स कप जितेको थियो।

बजेटको समस्या

कुनै पनि क्लब रेलिगेसनमा पुग्दा धेरै पक्षको विश्लेषण हुन्छ। के-कति कारणले क्लबको प्रदर्शन एक्कासि खस्किएको भन्ने प्रश्न उठ्ने गर्छ। यतिवेला फुटबल समर्थकले सान्तोषको प्रदर्शनमाथि यस्तै प्रश्न गरिरहेका छन्। ब्राजिलियन मिडियाको भनाइ मान्ने हो भने यस सिजनमा सान्तोषको व्यवस्थापन राम्रो थिएन। हालै क्लबमा नयाँ अध्यक्ष चुनिएको थियो। दुई साताअघि सान्तोषको नयाँ कार्यसमिति बनेको थियो। नयाँ कार्यसमितीले क्लबलाई अर्को सिजनका निमित्त योजना बनाएको थियो।

पदाधिकारी यति विश्वासमा थिए, यस सिजनमा अंकतालिकाको मध्यमै रहनेछ। तर, अन्तिम तीन खेलको नतिजापछि पदाधिकारीले आफूहरूले गलत निर्णय गरेको एजेन्सीहरूले जनाएका छन्। 'मुख्य गरी सान्तोषको कमजोर प्रदर्शन र इतिहासमै पहिलोपटक रेलिगेसनमा पर्नुपछाडि आर्थिक अवस्था नै थियो,' ब्राजिलयन पत्रिकाहरूले लेखेका छन्, 'घरेलु मैदानमा प्रतिस्पर्धा हुँदा टेलिभिजन राइटदेखि अन्य आम्दानीका स्रोतको व्यवस्थापन हुन सकेन,' एजेन्सीको भनाइ छ। ब्राजिलको लिगमा अहिलेसम्म फलामेगो र साओ पाउलो रेलिगेसनमा परेका छैनन्।

खेल संक्षेप


लालीगुराँस टिम च्याम्पियन

काठमाडौं/ लालीगुराँस नेसनल एकेडेमीले दोस्रो तार्केश्वर मेयर रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उपाधि शुक्रबार जितेको छ। लालीगुराँस २३ स्वर्ण, नौ रजत र सात कांस्य जित्दै ४९ विद्यालय सहभागी प्रतियोगितामा समग्रमा टिम च्याम्पियन बन्यो। तार्केश्वर नगरपालिकाद्वारा आयोजित प्रतियोगितामा साबिक विजेता हिमरश्मि १४ स्वर्ण, २१ रजत र १२ कांस्यसाथ दोस्रो भयो। तेस्रो स्थानको किन्डर गार्डेनले १० स्वर्ण र दुई रजत हात पाऱ्यो।

रेडियन्ट फाइनलमा

काठमाडौं/ आयोजक ज्ञानोदय र रेडियन्ट पब्लिक २९औं ज्ञान कार्निभलअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषमा शुक्रबार फाइनलमा प्रवेश गरेका छन्। घरेलु कोर्टमा ज्ञानोदयले पुष्पसदनलाई ४४-३० ले पराजित गऱ्यो। ज्ञानोदयको जितमा रिजन अधिकारीले १८ स्कोरको योगदान गरे। रेडियन्टले ओएसिसलाई ४८-३४ ले हरायो। महिलामा रेडियन्ट पब्लिक उपाधिनजिक पुगेको छ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com